कमला नदीमा तत्काल अर्को पुल निर्माण गर्न ध्यानाकर्षण | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ९६ • २०८१ साल भाद्र ०७ गते शुक्रबार (23 August, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## नीतिगत रुपमा टिकटक प्रतिबन्ध हट्यो



**टुडे समाचारदाता**

काठमाण्डु । पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले सामाजिक सञ्जाल अन्तर्गतको टिकटकमाथि लगाइएको प्रतिबन्ध केपी शर्मा ओलीको सरकारले हटाएको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले लगेको प्रस्तावमाथि छलफल गर्दै केही सर्तानुसार मन्त्रिपरिषद्ले टिकटक खुलाउने औपचारिक निर्णय गरेको छ।

सो निर्णय भएसंगै प्रतिबन्धित टिकटक एप केही दिनपछि सहज रुपमा चलाउन पाइने भएको छ।

सामाजिक सञ्जालको सञ्चालनसम्बन्धी निर्देशिका-२०८० को दफा-३ अनुसार सामाजिक सञ्जाल सञ्चालनका लागि मन्त्रालयमा सूचीकरण गर्नुपर्ने र 'पोइन्ट अफ कन्ट्र्याक्ट' पनि तोकिनुपर्ने सर्तसहित टिकटक खुलाइएको मन्त्री गुरुङले बताए।

सूचीकरण भइसकेपछि उपदफा ६ अनुसार पोइन्ट अफ कन्ट्र्याक्ट तोक्नुपर्ने प्रावधान रहेको उनले बताए।

यसका साथै केही सर्तहरू राखेर मात्रै टिकटक खुलाउन दिइने सहमति भएको मन्त्री गुरुङले बताए। उनले चारवटा बुँदामा टिकटकले नेपालमा गर्नुपर्ने सर्तहरू अघि सारिएको छ। सरकारले प्रतिबन्ध लगाए पनि विभिन्न वैकल्पिक प्रक्रियामार्फत टिकटक चलिरहेकै थियो। केही इन्टरनेट कम्पनीले पूर्ण रुपमा बन्द गराएपछि भीपीएन लगायतबाट टिकटक चलेको थियो।

केही दिनपछि निर्बाध रुपमा चलाउन पाइने आम मानिसको आशा छ। कतिपयले बिहीबारबाट टिकटक चलाउने मिल्ने पनि भनिरहेका छन् ।तर सञ्चारमन्त्री गुरुङले नीतिगत रुपमा मात्रै टिकटक खुला गरिएको दाबी गरे।

उनले प्रस्ट पार्दै भने, 'नीतिगत रुपमा त खुल्यो, केही दिनदेखि खुल्छ। टिकटकजस्तै अन्य सामाजिक सञ्जालले पनि पोइन्ट अफ कन्ट्र्याक्ट गर्नुपर्यो।'

## दार्शनिक नेता गिरीको दोश्रो वार्षिकी

# 'देशकै प्रेरक र मार्गनिर्देशक नेता प्रदीप गिरी'

**टुडे समाचारदाता**

लहान । गृहमन्त्री रमेश लेखकले नेपाली कांग्रेसको बौद्धिक दार्शनिक नेता प्रदीप गिरी देशकै लागि प्रेरक र मार्गनिर्देशक नेता रहेको बताएका छन्।

स्वर्गीय नेता प्रदीप गिरीको दोस्रो वार्षिकीको अवसरमा लहान-१४ मा रहेको प्रदीप गिरी आश्रममा आयोजित स्मृति सभामा बोल्दै देशले एक सच्चा जननेता गुमाएको उनले बताए।

ज्ञानको सागरको संज्ञा दिँदै उनले प्रदीप गिरीको भौतिक शरीर नरहे पनि वैचारिकरूपमा कहिलेपनि मर्न नसक्ने भन्दै संविधानमा दलित महिला जनजाति र मधेशीको समावेशी चरित्रको संविधान लेखनमा उनको भूमिका रहेको स्मरण गरे। गृहमन्त्री तथा नेपाली कांग्रेसका नेता लेखकले भने, "प्रदीप गिरीसँग रहेर नेपाली काँग्रेसमा सँगसँगै काम गर्न पाएकोले नजिकबाट उनलाई चिनेको छु। बिपी गणेशमानपछिको दार्शनिक नेता प्रदीप गिरी हुनुहुन्थ्यो।"

उनले भने, 'नेपाली कांग्रेसमा गाँउको विकास भएमात्रै देशको विकास सम्भव हुने आफ्नो दह्रोरुपमा आफ्नो तर्क पार्टीभित्र मात्रै होइन, नेपालका कम्युनिष्टहरुलाई समेत मार्क्सवाद पढाउन सक्ने नेता प्रदीप दाइ हुनुहुन्थ्यो', गृहमन्त्री लेखकले अघि थप्दैं भने, 'अद्भूत क्षमता भएको प्रदीप दाइले भूगोल र धर्मको आधारमा कहिल्यै विभेद गर्नुभएन। अधिकारबाट वञ्चित समुदायको अधिकार प्राप्ति नभएसम्म लोकतन्त्र मजबुत हुन नसक्ने तर्क गरिरहनुहुन्थ्यो।' उनले भने, "संविधान निर्माणमा उहाँले उठाउँदै आइरहेको 'दमजम' दलित महिला, जनजाति र मधेशीको अधिकारको कुरा समेटिएकोले यस संविधानलाई बलियो बनाउन सकेमात्रै प्रदीप दाइको सपना सकार हुनेछ।"



नेपाली कांग्रेसले प्रदीप दाइले देखाउनु भएको राजनीति, आर्थिक, सामाजिक पक्षहरूलाई सम्पत्तिको रूपमा ग्रहण गरेर अघि बढेमात्रै लोकतन्त्र सबल हुने र देश सफल हुने गृहमन्त्री लेखकले तर्क गरे। उनले भने, 'प्रदीप गिरीको विचारलाई ग्रहण गर्न प्रदीप गिरीको अध्ययन चिन्तन गर्ने यस आश्रमलाई अध्ययन केन्द्रको रूपमा रूपमा विकास गर्न आवश्यक छ।'

सुशासनका लागि स्थिरता आवश्यक रहेकोले कांग्रेस-एमाले मिलेर सरकार गठन भएको गृहमन्त्री लेखकले प्रष्टयाए। उनले भने, 'संविधानको कार्यान्वयन गर्न दुई ठुला पार्टी नमिलेपछि अर्को विकल्प नभएर स्थिर सरकार दिन दुई ठुला पार्टी मिलेको हो। काठमाण्डुमा सरकार परिवर्तन हुँदा सातै प्रदेशमा सरकार परिवर्तन हुने अस्थिरताले जनतामा अविश्वास देखिएको थियो। जनताको चाहना पुरा गर्न देश बाहिर र भित्रबाट लगानी भित्र्याएर रोजगारी सृजना गर्न यो सरकार गठन भएको हो।'

सो कार्यक्रममा लहान नेपाली कांग्रेसका केन्द्रीय सदस्य पदम नारायण चौधरीले प्रदीप गिरीको सपना सकार गर्न वर्तमान सरकारले गरिब विपन्न जनताको आवास शिक्षा स्वास्थ्य र रोजगारको क्षेत्रमा काम गर्नुपर्ने बताए। उनले अघि थप्दैं, 'प्रदीप गिरीको नाउँमा यस आश्रममा अस्पतालको निर्माण हुन आवश्यक छ।'

देशकै सबैभन्दा बढी वडा भएको लहान नगरपालिकालाई उपमहानगरपालिका घोषणा गर्नुपर्ने, प्रदीप गिरीको आश्रमलाई राजनीति पर्यटकीय क्षेत्रमा विकास गर्न सलहेश पर्यटन क्षेत्रको लागि संघीय सरकारले सघाए प्रदीप गिरीले देखाएको मार्ग र प्रेरणाबाट अघि बढेर सुन्दर समृद्ध लहान हुने ध्यान आकर्षण गराएका थिए।

लहान-१४ स्थित प्रदीप गिरीको आश्रममा स्मृतिसभा सम्पन्न भएपछि लहान नगरपालिकाको सभा हलमा नेपाली कांग्रेसका नेता, कार्यकर्ता तथा जनप्रतिनिधिहरूसंग समेत गृहमन्त्री लेखक भेटघाट गरेका थिए।







# सामग्रीसहित तीन ट्रक प्रहरीको नियन्त्रणमा

**टुडे समाचारदाता**

बारा। बारामा एक करोडभन्दा बढी मूल्य बराबरको सामग्रीसहित तीन वटा ट्रक प्रहरील नियन्त्रणमा लिएको छ।



एक करोड २९ लाख रुपैयाँ बराबरको बिल बिजकभन्दा फरक रहेको सामानसहित तीन वटा ट्रक नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

नियन्त्रणमा लिइएको ट्रक र बरामद सामान आवश्यक कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय पथलैयामा पठाइएको बारा प्रहरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिए।

प्रहरी नायब उपरीक्षक सापकोटाले भदौँ ५ गते राति ९:४५ बजेतर्फ जीतपुर सिमरा उपमहानगरपालिका-७ स्थित जीतपुरमा वीरगञ्जबाट पथलैयातर्फ जाँदै गरेको ना४ख ८८७५ नम्बरको ट्रकमा लोड भएको अन्दाजी ३३ लाख ३२ हजार २२६ रुपैयाँ बराबरको किराना सामान, नरिवल, हार्डवेयरका सामान तथा अन्य खुद्रा सामान नियन्त्रणमा लिइएको छ।

भदौँ ५ गते नै राति ११:३० बजे वीरगञ्जबाट पथलैयातर्फ जाँदै गरेको ना७ख ५९२६ नम्बरको ट्रकमा लोड भएको अन्दाजी २८ लाख ९५ हजार ७१३ रुपैयाँ बराबरको लेडिज सुट, वाटर प्रुफ ग्लु लगायतका खुद्रा सामान नियन्त्रणमा लिइएको उनले बताए।

त्यस्तै भदौँ ५ गते पथलैया चोकमा वीरगञ्जबाट काठमाण्डु जाँदै गरेको ना३ख ७३४२ नम्बरको ट्रकमा लोड गरेको अन्दाजी ६६ लाख ९० हजार १३१ रुपैयाँ बराबरको कपडा, ग्लास, फोटो पिक्चर, लेडिज सुट, रिबन, पूजा सामग्रीसहित अन्य खुद्रा सामान नियन्त्रणमा लिइएको बारा प्रहरीले जनाएको छ।

# जग्गा वर्गीकरण नगर्दा कित्ताकाट रोकियो

चितवन। जिल्लाका सातै स्थानीय तहले जग्गाको वर्गीकरण नगर्दा कित्ताकाट रोकिएको छ। भू-उपयोग (पहिलो संशोधन) नियमावली, २०८० जारी भएको एक वर्षभित्र वर्गीकरण गरिसक्नुपर्ने भए पनि स्थानीय तहहरूले गर्न नसक्दा कित्ताकाटको काम रोकिएको हो।

मालपोत कार्यालय भरतपुरका प्रमुख रमेश गौतमका अनुसार चितवनका सात वटै स्थानीय तहले वर्गीकरणको काम गरेका छैनन्। नियमावली विसं २०८० साउन ३२ गते राजपत्रमा प्रकाशित भएको थियो। नियमावलीअनुसार विसं २०८१ साउन ३२ गतेभित्र जग्गा वर्गीकरण गरिसक्नुपर्ने हुन्थ्यो।


जग्गाको वर्गीकरण भइनसकेकाले सरकारले म्याद थपेको अवस्थामा मात्रै अब कित्ताकाट खुल्ने प्रमुख गौतमले जानकारी दिनुभयो। देशभरका एक सय ५३ पालिकाले मात्रै जग्गाको वर्गीकरण गरेका छन्। गौतमले अब नियमावली संशोधन गरेर म्याद थप्नुको विकल्प नरहेको बताउनुभयो।

तत्कालका लागि अंशबण्डाकोसमेत कित्ताकाट नहुने बताउनुभयो। जिल्लामा एक महानगरपालिका, पाँच नगरपालिका र एक गाउँपालिका छन्। कित्ताकाट रोकिएपछि मन्दीको मारमा परेको घरजग्गा कारोबार थप प्रभावित हुने अनुमान गरिएको छ।रासस

# युवतीको शंकास्पद मृत्यु चार जनाविरुद्ध जाहेरी

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको रमौलमा एक नवविवाहित युवतीको शंकास्पद मृत्यु भएको छ।



मृत्यु हुनेमा महोत्तरीको जलेश्वर नगरपालिका-८ स्थित रमौलकी २० वर्षीया रिना देवी राय रहेकी छन्। रिनाको मंगलबार मध्यरात १ बजे मृत्यु भएको महोत्तरी प्रहरीले जनाएको छ।

विवाह भएको केही महिनापछि दाइजोको निहुँमा पति रोहनकुमार राउतसहितका परिवारले हत्या गरेको माइतीपक्षले दाबी गर्दै प्रहरीमा जाहेरीसमेत दिएको छ।

महोत्तरी प्रहरीका प्रहरी नायब उपरीक्षक सन्तुलाल जैसवारले पति रोहनले मध्यराति खाना खाएरँगै सुतेको, अचानक बिरामी हुँदा प्रादेशिक अस्पताल जलेश्वरमा उपचारका लागि लगेको र त्यहाँ मृत्यु भएपछि शव घर ल्याइएको प्रहरीलाई प्रारम्भिक बयान दिएको जनाए।

माइतीपक्षले आफूहरू पुग्दा रिनाको मुखबाट रगत बगेको जस्तो र घाँटीमा निलडाम पनि देखिएकोले हत्या भएको दाबी गरेको छ। छोरीको हत्या भएको दाबी गर्दै माइत पक्षले पति रोहनसहित परिवारका चार सदस्यविरुद्ध प्रहरीमा बुधबार कर्तव्यज्यान मुद्दामा जाहेरी दिएको जनाइएको छ। ससुरा ५२ वर्षीय बृज मोहन राउत, सासु ४८ वर्षीया मनतोर देवी र देवर २५ वर्षीय ओमकुमारविरुद्ध जाहेरी जिल्ला प्रहरी कार्यालय महोत्तरीमा जाहेरी दिएको छ।

रिना मंगलबार मात्रै माइतबाट घर फर्केकी थिइन्। रिनाको शव परीक्षणको लागि प्रादेशिक अस्पताल जनकपुरमा हुनेछ। पोस्टमार्टमपछि के कति कारणले मृत्यु भएको खुल्ने प्रहरी नायब उपरीक्षक जैसवारको भनाइ छ। घटना सामान्य भएको बताउँदै प्रहरीले भने कसैलाई पनि पक्राउ गरेको छैन।

धनुषाको हँसपुर नगरपालिका-६ स्थित सोनिगामाकी गत वैशाख १९ मा सामाजिक परम्पराअनुसार रोहनसँग रिनाको विवाह भएको थियो।

माइती पक्षले लत्ता, कपडा, भाडाकुँडा, फर्निचर, सुन, चाँदीलगायतका गरगहना तथा नगद गरी १५ लाखभन्दा बढी रकम खर्च गरेको रिनाको बुबा नवल रायले बताए।

# शैक्षिक विकासका लागि झोला वितरण



**टुडे समाचारदाता**

जनकपुरधाम । सामुदायिक विद्यालयमा अध्ययनरत्त विद्यार्थीको शैक्षिक विकासका लागि सहगामी फाउण्डेशनले झोला वितरण गरेको छ।

धनुषाको मिथिला विहारी नगरपालिकास्थित भुतही पर्टवामा बिहीबार महरानीमाईआधारभूतविद्यालयमा झोला वितरण गरिएको छ। फाउण्डेशनका सचिव डा. अजय कुमार शाहको अध्यक्षतामा सो विद्यालयमा उपस्थित एक सय २५ जना विद्यार्थीहरुलाई झोला वितरण गरिएको छ।

सो वडाका अध्यक्ष रामसोभित दाहाको प्रमुख आतिथ्यमा भएको झोला वितरणमा विद्यालयका शिक्षकहरुले सघाएका थिए।

सामुदायिक विद्यालयमा अध्ययनरत वालवालिकाहरुको शैक्षिक विकासका लागि शैक्षिक सामग्रीहरु सहयोग गर्ने योजना अनुसार झोला वितरण गरिएको स्थानीयबासी समेत रहेका सचिव डा. शाहले बताए। उनले बुवा समाजसेवी विक्रम प्रसाद साहको विशेष उपस्थितमा विद्यलार्थीहरुलाई झोला वितरण गरिएको स्मरण गरे।

फाउण्डेशनको योजना अनुसार आगामी साता जिल्लाको सबैला नगरपालिकाको कुनै सामुदायिक विद्यालयमा शैक्षिक सामग्री वितरण गरिने सचिव डा. शाहले बताए। झोला वितरण कार्यक्रममा विद्यालयका प्रधानाध्यापक पशुपति ठाकुरको समेत उपस्थिति रहेको थियो।

# नेपाली सेनाद्वारा शङ्कास्पद वस्तु निष्क्रिय

काठमाण्डु । नेपाली सेनाले काठमाडौँको चन्द्रागिरी-१२ बलम्बुस्थित वडा कार्यालय नजिक विहीबार बिहान फेला परेको शङ्कास्पद वस्तु सुरक्षित साथ निष्क्रिय पारेको छ।



स्थानीयवासीको घरमा शङ्कास्पद वस्तु फेला परेको जानकारी प्राप्त हुनासाथ परिचालित बम डिस्पोजल टोलीले उक्त शङ्कास्पद वस्त सुरक्षित साथ निष्क्रिय परेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। रासस

# 'राष्ट्रिय एकता सुदृढीकरण र राजनीतिक उपलब्धिको रक्षा गर्नुपर्ने'

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले राष्ट्रिय एकतालाई सुदृढ गर्दै राजनीतिक उपलब्धिको रक्षामा सिङ्गो मुलुकको ध्यान जानुपर्नेमा जोड दिनुभएको छ।



राष्ट्रियसभाको विहीबारको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफलका क्रममा उहाँले अब राजनीतिक परिवर्तनलाई माध्यम बनाएर जनताको जीवन उकास्न केन्द्रित हुनुपर्ने बताउनुभयो। राष्ट्रियसभामा माओवादी संसदीय दलका नेता श्रेष्ठले राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाभिमान र राष्ट्रिय हितको रक्षाका साथै राष्ट्रिय एकतालाई सुदृढ गर्ने मुख्य कार्यभार रहेको स्पष्ट पार्नुभयो।

सबै प्रकारका सङ्घर्ष र शान्ति प्रक्रियाका आधारमा नेपाल नयाँ राजनीतिक परिस्थितिमा पुगेको उल्लेख गर्दै उहाँले प्राप्त उपलब्धिको रक्षा, परिमार्जन र उन्नत बनाउनु दोस्रो कार्यभार भएको बताउनुभयो। "हजारौँ सहिदको बलिदान तथा लाखौँ जनताको सङ्घर्षबाट प्राप्त राजनीतिक उपलब्धिमाथि कहीँकतैबाट आक्रमण र अपहरण हुन नपाओस्, कुनै पनि कोणबाट त्यसलाई खोस्न नपाओस्, प्रतिगामी खतराका विरुद्ध सचेत हुँदै उपलब्धिका रक्षा गर्नुपर्छ", नेता श्रेष्ठले भन्नुभयो।

जनताले राजनीतिक परिवर्तनबाट जीवनस्तर फेरिएको महसुस गर्न सक्नुपर्ने बताउँदै उहाँले विकास र समृद्धिको लक्ष्य हासिल गर्नु केन्द्रीय कार्यभार रहेको धारणा राख्नुभयो। नेता श्रेष्ठले राजनीतिक परितर्वनका उपलब्धि राजनीतिक अधिकारका निम्ति मात्रै नभएको उल्लेख गर्दै परिवर्तनलाई साधन र माध्यम बनाएर नेपाली समाजको आमूलपरिवर्तन गर्ने, सामाजिक आर्थिक रूपमान्तरमार्फत विकास र समृद्धिलाई तीव्र पारी मुलुकलाई समृद्ध बनाउनुपर्ने बताउनुभयो।

शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्नु राजनीतिक दलहरूको प्रमुख जिम्मेवारी रहेको जनाउँदै उहाँले भन्नुभयो, "नेपालको शान्ति प्रक्रिया मौलिक ढङ्गको छ, द्वन्द्वको कारण र परिणामलाई आत्मसात गरेर अघि बढ्नुपर्छ।" संस्थापन पक्ष र सशस्त्र सङ्घर्ष गरिरहेको राजनीतिक शक्तिबीच राजतन्त्रका विरुद्ध र लोकतन्त्रका पक्षमा हातेमालो गरेर अघि बढेको सन्दर्भ विश्वमै नौलो रहेको उल्लेख गर्दै नेता श्रेष्ठले मौलिक प्रक्रियाबाट समझदारी बनाएर शान्ति प्रक्रियामा प्रवेश गरिएको स्पष्ट पार्नुभयो।

शान्ति प्रक्रियाका मुख्य कार्यभारमध्ये राजनीतिक परिवर्तनलाई संविधानसभाद्वारा संविधान निर्माण गरेर संस्थागत गर्ने र नेपाली सेनाको लोकतान्त्रिकरण, माओवादी जनसेना समायोजन तथा हतियार व्यवस्थापन सम्पन्न भइसकेको जनाउँदै उहाँले सङ्क्रमणकालीन न्यायसम्बन्धी कार्यभार पूरा हुने क्रममा रहेको स्पष्ट पार्नुभयो। "सङ्क्रमणकालीन न्यायका विषय पूरा गर्नैपर्छ, यसमा हामी सबै प्रष्ट हुनुपर्छ, विधेयकले पीडितको भावनालाई समेटेको छ, मानवअधिकार उल्लङ्घनका घटनामा मुद्दा चलाउने व्यवस्था गरिएको छ", उहाँले भन्नुभयो।

नेता श्रेष्ठले सत्य स्थापित, पीडितलाई न्याय प्रदान, मेलमिलाप कायम र शान्ति स्थापित गर्ने कार्यभार पूरा गरी संशोधित विधेयक प्रस्तुत भएको उल्लेख गर्दै विधेयक पारित गरेर अघि जानुपर्नेमा जोड दिनुभयो। उहाँले गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा माफी दिने वा मेलमिलाप नगर्ने, त्यसमा मुद्दा चलाउने र मेलमिलापमा पीडितको सहमति हुनुपर्नेलगायत व्यवस्था पीडितमैत्री रहेको बताउनुभयो।

विधेयक पारित भएसँगै बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरुपण तथा मेलमिलाप आयोगलाई साधनसम्पन्न बनाउनुपर्नेमा जोड दिनुभयो। राजनीतिक पार्टी, नागरिक समाज र सरोकारवालाले पनि भरपूर सहयोग गर्नुपर्ने उहाँको भनाइ छ। "विधेयक पारित भएर कानुन बनेपछि सरकारले तुरुन्त आयोग गठन गर्न गर्नुपर्छ, फेरि पार्टीगत सङ्कीर्णता राखेर आयोग बनाउन हुँदैन, शान्ति प्रक्रियालाई हरहालतमा सम्पन्न गर्ने विश्वासिलो आयोग चाहिएको छ", नेता श्रेष्ठले भन्नुभयो।

"वास्तविक लोकतन्त्रमा जनताले अनुभूत गर्ने गरी राजनीतिक दल र नेताले अभ्यासको अगुवाइ गर्नुपर्छ, सामाजिक, आर्थिक रुपान्तरणमा ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो। रासस


## विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको लाइफ इन्स्योरेन्स कार्पोरेशन (नेपाल) लिमिटेड को विमा लेख मिति २०८१/०४/१० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : लालबाबु लहेरी**
**विमालेख नं.:१७००४६१४३**
ठेगाना: जनकपुरधाम उ.म.न.पा.-१६, धनुषा
**मो.नं.९८०४८७९१२२**

## माईग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८१/०२/१४ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : परशुराम यादव**
**सिम्बोल नं.: ९१७००८४६**
**रजिष्ट्रेशन नं.:७५१७१३५६२**
**ठेगाना:जि.ध. जनकनन्दनी गा.पा.-६**
**मो.नं.९८०७६२०७६४**

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा ज.उ.म.न.पा. वडा नं. ९, बेल्हीमा Parking गरिराखेको अवस्थाबाट मिति २०८१/०५/०५ गते करिब दिउँसो १४:३० बजे म.प्र.०२-००७ प २०४३ नम्बरको रातो कालो रंगको ईन्जिन नं. DKXCMJ33324 चेचिस नम्बर MD2A13EX8MCJ99029 को बजाज कम्पनीको पल्सर 220cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम: मो. साबिर मियाँ**
ठेगाना: कल्याणपुर न.पा.-४, महुलिया, सिरहा
**मो. नं. ९८०८६५४३१४**


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : अवसर प्राप्त। |
| मिथून | : वाद विवादबाट बच्नु। |
| कर्कट | : पुरस्कार प्राप्त लाभ। |
| सिंह | : नयाँ कार्य हुने। |
| कन्या | : बौद्धिक क्षमता। |
| तुला | : प्रतिभा सम्पन्नता। |
| बृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : धन वृद्धि सञ्चय। |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# स्वास्थ्य बीमाको सुविधा थैली कार्यान्वयनमा

काठमाण्डु । स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत उपलब्ध गराइने सुविधा थैलीअन्तर्गतका सेवाको परिमार्जित विवरण र दर कार्यान्वयन गरेको छ ।

स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत उपलब्ध गराइने सुविधा थैलीअन्तर्गतका सेवासुविधा लागू गरिएको बोर्डका जनस्वास्थ्य अधिकृत विकेश मल्लले जानकारी




दिनुभयो । बोर्डले परिमार्जन गरिएको सुविधा थैली गत साउन १ गतेदेखि लागू गर्ने भने पनि तयारी नपुगेको कारणले भदौदेखि लागू गरिएको हो ।

बोर्डले विज्ञहरुको सुझावअनुसार र बजारको अवस्थालाई हेरेर सुविधा थैलीको सेवासुविधाको नयाँ दररेट कायम गरेको छ । नयाँ सुविधा थैलीमा स्वास्थ्य बीमाअन्तर्गत एक हजार दुई सय ९० प्रकारका औषधि छन् । अस्पताल टिकट रु ५० तोकिएको छ । शय्याको प्रतिदिन रु दुई सय ५० राखिएको छ । यसअघि साधारण शय्याको रु दुई सय थियो ।

स्वास्थ्य बीमा कार्यक्रममाअन्तर्गत पाँचजना परिवारसम्मका लागि रु तीन हजार पाँच सय बराबरको योगदानका आधारमा रु एक लाखसम्मको स्वास्थ्य सेवासुविधा उपलब्ध गराइन्छ ।

यस्तै, थप प्रतिसदस्य रु सात सयका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य रु २० हजार बराबरको सेवासुविधा थपिने प्रावधान छ । स्वास्थ्य बीमा कार्यक्रमको अधिकतम सेवा सुविधाको सीमा रु दुई लाखसम्म तोकिएको छ ।

बीमा कार्यक्रममा कूल बीमित परिवार सङ्ख्या २३ लाख ९२ हजार ६ सय ७६ जना र कूल बीमित जनसङ्ख्या ७७ लाख ४१ हजार चार सय ८३ जना रहेको छ । रासस

## प्रतिनिधिसभा बैठकः

# सडक मर्मतसम्भार कोष स्थापना गर्न माग

काठमाण्डु । सांसदहरूले तीनै तहको सरकारको समन्वय र सहकार्यमा वर्षात् अगावै राजमार्ग एवम् स्थानीय सडक मर्मत गर्न सुझाव दिनुभएको छ ।

प्रतिनिधिसभाको विहीबारको बैठकको शून्य समयमा उहाँले वर्षात्का समयमा विशेषगरी ग्रामीण क्षेत्रका सडकमा यात्रा गर्न जोखिम हुने तर्फ सदन मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

बैठकमा सांसद नारायणप्रसाद आचार्यले तीनै तहको सरकारको समन्वयन र सहकार्यमा सडक मर्मत सम्भार कोष बनाई सहज यातायात व्यवस्था गर्न माग गर्नुभयो । उहाँले वर्षात् समयमा बाढीपहिरो र सडक दुर्घटनाबाट जनधनको क्षतिबारे उल्लेख गर्दै सडक मापदण्ड बनाइ कार्यान्वयनको लागि समेत सरकारको ध्यानार्कषण गराउनुभयो ।

सांसद ठाकुरप्रसाद गैरेले मनसुनको समयमा हुने क्षतिको कारणको अध्ययन गर्नुपर्ने बताउनुभयो । उहाँले मानवीय, भौतिक र जलवायु परिवर्तन जस्ता विभिन्न कारणबारे अध्ययन गर्दै सम्भावित जोखिम न्यूनीकरणमा सहयोग पुग्ने छ भन्नुभयो । सांसद देवेन्द्र पौडेलले बागलुङ जिल्लाका विभिन्न स्थानमा प्राकृतिक घटनामा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जलि अर्पण गर्दै राज्यका तर्फबाट हुने उचित व्यवस्थापन नपुगेको बताउनुभयो ।

उहाँ बागलुङसँगै देशभर बाढीपहिरोबाट विस्थापितलाई तत्काल बसोबास र खाद्यान्न उपलब्ध गराउन माग गर्नुभयो । सांसद नागिना यादवले विपद् व्यवस्थापनमा सरकारको प्रयास जनताले महसुस गर्न नसकेको बताउनुभयो । सरकारले उपलब्ध गराउने



राहत सबै उपलब्ध नभएको उहाँको भनाइ छ ।

सांसद विमला सुवेदीले जलवायु परिवर्तनको असरबाट बच्न बेलैमा सचेत हुनुतर्फ ध्यानार्कषण गराउनुभयो । सांसद डोलप्रसाद अर्यालले भ्रष्टाचारविरुद्धको आवाज उठाउँदै आएका युवालाई सरकारले धरपकड गरेको जनाउँदै सरकारलाई अलोकतान्त्रिक काम नगर्न र शिक्षा क्षेत्रलाई दलीय राजनीतिको प्रभावमुक्त बनाउन समेत ध्यानार्कषण गराउनुभयो ।

सांसद दामोदर पौडेल बैरागीले त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस पोखरा विश्वविद्यालयको भौतिक संरचना जीर्ण रहेकोतर्फ ध्यानार्कषण गराउनुभयो ।

सांसद दीपक गिरीले संस्कृत विश्वविद्यालय बेहाल अवस्थामा रहेको जनाउँदै यस विश्वविद्यालयको अस्तव्यवस्तताको तत्काल अन्त्यका लागि माग गर्नुभयो । सांसद दीपकबहादुर सिंहले भ्रष्टाचारको मुद्दामा हदम्याद हटाउन माग गर्नुभयो ।

सांसद दिपा राईले सभामुखलाई विधेयिकी काम दिनका लागि माग गर्नुभयो । अर्का सांसद देवीप्रकाश भट्टचनले कोरला सिमामा नेपालतर्फ व्यवस्थापन गर्न माग गर्नुभयो । सांसद धवलशमशेर जङ्गबहादुर राणाले राप्ती सुनारी बाँकेमा गाउँपालिकाले बनाएको सार्वजनिक भवन विद्युत् प्राधिकरणलाई प्रदान गर्न माग गर्नुभयो ।

राप्तीमा तटबन्धनको अवस्था नाजुक भएको तर्फ उहाँले ध्यानार्कषण गराउनुभयो । सांसद नारायणी शर्माले शेयर बजारमा आम सर्वसाधरणभन्दा पनि बिचौलियाको हालिमुहाली भएको आरोप लगाउदै देश गम्भीर आर्थिक सङ्कटतर्फ धकेलीएकोमा सचेत गराउनुभयो । उहाँले सरकार आर्थिक उन्नतीतर्फ केन्द्रीत हुनुपर्ने बताउनुभयो ।

सांसद निशा डाँगीले नेपाली युवाजन शक्तिलाई विदेश पलायन हुनबाट रोक्न सरकार असमर्थक रहेको बताउनुभयो । "अब एनओसी दिँदा वा श्रम स्वीकृति दिँदा एउटा अध्ययन गरियोस साच्चै पढन गएका हुन कि काम गर्न ? अथवा उतै सेटल हुन ? तथ्याङ्कबिना नीति बनाउन सकिँदैन । सरकारले युवाको मनोभाव बुझ्ने प्रयास गरोस", सांसद डाँगीले भन्नुभयो ।

सांसद प्रतिमा गौतमले डिजिटल भुक्तानी सेवाहरूको लागि भ्याट छुट हटाउदा सेवाग्राही महँगो शुल्कमा परेको गुनासो गर्नुभयो । उहाँले वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्न डिजिटल लेनदेनमा भ्याटको आवश्यकतालाई पुनःमूल्याङ्कन गर्न आवश्यक भएको बताउनुभयो ।"नेपाल क्यलयरिङ हाउसले अब प्रत्येक लेनदेनमा अधिकतम ८ रुपैयासँगै १३ प्रतिशत भ्याट लगाइरहेको छ । जसका कारण बैंक र उपभोक्ताका लागि लागत बढाउदैछ", सांसद गौतमले भन्नुभयो ।

सांसद प्रतीक्षा तिवारीले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा ३० जना करार सेवामा रहेका कर्मचारीलाई पूर्वग्राही तरिकाले हटाएको भन्दै राष्ट्रिय सर्तकता केन्द्रको पत्रअनुसार पुनःबहाली गरी सेवामा निरन्तरता दिनका लागि सभामुखमार्फत सहरी विकासमन्त्रीको ध्यानार्कषण गराउनुभयो ।

सांसद प्रभु हजाराले ऊर्जा मन्त्रालयको ध्यानार्कषण गराउँदै मधेस प्रदेशमा अघोषित तरिकाले लोडसेडिङ भइरहदा त्यसको अन्त्यको लागि माग गर्नुभयो ।

सांसद वासुदेव घिमिरेले नेपाल भ्रमणमा आउने विदेशी पर्यटकले यातायात व्यवस्था कार्यालयबाट परमिट लिएर भित्रिने पर्यटकलाई चेकजाँचको नाममा अनावश्यक सास्ती दिएको बताउनुभयो । सांसद प्रेमबहादुर आलेले खुटिया दिपायल, उरैञ्ज्याङसम्मको सडक निर्माणको फाइल अड्किएको भन्दै भौतिक पूर्वधार तथा यातायातमन्त्री र योजना आयोगको ध्यानार्कषण गराउनुभयो ।सांसद प्रेम सुवालले अविरल वर्षाका कारण प्रभावितको व्यवस्थापन, मधेश कारागार, शिक्षाको सुधार र डेङ्गीको नियन्त्रणतर्फ ध्यानार्कषण गराउनुभयो ।


सांसद विन्दाबासिनी कङ्साकारले नारायणगढ मुग्लिन सडक दुर्घटनामा बेपत्ताको खोजी गर्न सरकार असमर्थक भएको जनाउँदै तत्काल खोज तथा उद्धारकार्यमा तदारुकताका लागि ध्यानार्कषण गराउनुभयो । सांसद विनिता कठायतले मङ्कीपक्स सङ्क्रमण छिमेकी देशमा देखिएको जनाउँदै समयमै सचेतना अपनाउन सुझाव दिनुभयो ।रासस

# शिक्षामा विभेद प्रजातान्त्रिक समाजवादको मान्यता विपरीत : प्रथम राष्ट्रपति

काठमाण्डु । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले शिक्षा क्षेत्रमा देखिएको वर्गीय विभेद प्रजातान्त्रिक समाजवादको मान्यता विपरीत भएको बताउनुभएको छ ।

नेपाली कांग्रेस, केन्द्रीय पेशागत बुद्धिजीवि विभागले समाजवादी चिन्तक स्वर्गीय प्रदीप गिरीको दोस्रो स्मृति दिवसको अवसरमा विहीबार आयोजना गरेको 'प्रजातान्त्रिक समाजवाद : वर्तमान र भविष्य' सम्बन्धी विचार गोष्ठीलाई सम्बोधन गर्दै उहाँले धेरै सामुदायिक विद्यालयमा दरबन्दीअनुसारका शिक्षक नहुँदा माध्यमिक शिक्षा परीक्षा (एसइई)को परिणाम कमजोर आउने गरेको बताउनुभयो । धनी र गरीबले बालबालिका पढाउने शिक्षालय फरक हुने व्यवस्था समाजवादको सिद्धान्त विपरीत भएको उहाँको भनाइ थियो ।

"शिक्षा विधेयक संसद्मा छ, यस्ता विषयमा प्रभावकारी कानुन बनाइनुपर्छ, संविधानले नै समाजवाद उन्मुख राज्यव्यवस्थाको कल्पना गरेकाले शिक्षा क्षेत्रमा रहेको यस्तो विभेदकारी व्यवस्था कानुनबाटै हटाइनुपर्छ", प्रथम राष्ट्रपति डा यादवले भन्नुभयो । कृषि प्रधान देशमा ५० प्रतिशत खाद्यान्न अन्य मुलुकबाट आयात गर्नुपर्ने अवस्था पनि समाजवादविपरीत




भएकाले यसमा सरोकार भएका निकायका अधिकारीले सोच्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कांग्रेस नेता डा चन्द्र भण्डारीले शिक्षामा विभेद गरेर समाजवाद नआउने भएकाले शिक्षा मन्त्रालय र विश्वविद्यालयले समाजवादी कार्यक्रम बनाउनुपर्नेमा जोड दिनुभयो । बिरामीले औषधी पाउनु समाजवाद भएको बताउनुहुँदै उहाँले स्वास्थ्य क्षेत्रमा पनि दुई थरी स्वास्थ्य संस्थाको व्यवस्थाले समाजवादलाई गिज्याएको बताउनुभयो ।

"संविधानमा लेखिएको समाजवाद कार्यान्वयन नहुने कागजको खोस्टो भएको छ, समाजवाद लागू गर्न निष्ठावान् व्यक्तिको खोजी हुनुपर्छ, जनताले गाडी नचढेसम्म सरकारले दिएको गाडी सुविधा नलिने पूर्व सांसद बिदुर पौडेल, शैलजा आचार्य र चक्रप्रसाद बास्तोला पराजित हुनुले समाजले के चाहन्छ भन्ने सन्देश दिएको छ", सांसदसमेत रहनुभएको नेता भण्डारीले भन्नुभयो ।

राजनीतिशास्त्रका प्राध्यापक कृष्ण खनालले बिपी कोइराला र प्रदीप गिरीजस्ता नेताको विचारमा कांग्रेस नचलेको बताउनुहुँदै प्रजातान्त्रिक समाजवादमा निजीकरणलाई प्रोत्साहन गर्दा समस्या भएको सुनाउनुभयो । धनी र गरीबलाई अलग शिक्षा दिने परिपाटीको अन्त्य गर्ने आँट नेतृत्वले गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । शिक्षा र स्वास्थ्यमा रहेको सबैभन्दा ठूलो विभेद नै समाजवादका लागि बाधक बनेको खनालको भनाइ थियो । विश्वमा तीन प्रतिशत सम्भ्रान्तले ८० प्रतिशत सम्पत्ति ओगटेकाले त्यसको अन्त्यका लागि प्रजातान्त्रिक समाजवादको सही कार्यान्वयन गर्न अहिलेको नेतृत्वले बिपीले जस्तै जोखिम मोल्नुपर्ने उहाँको विचार थियो ।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा उद्धव सिग्देलले कांग्रेसका संस्थापक नेता बिपीले प्रतिपादन गर्नुभएको प्रजातान्त्तिक समाजवादको प्रचारप्रसारमा प्रदीप गिरीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको बताउनुभयो ।

विभाग प्रमुख एवं कांग्रेस केन्द्रीय सदस्य डा डिला सङ्ग्रौलाले प्रजातान्त्रिक समाजवादका बारेमा राम्रो ज्ञान भएका प्रदीप गिरीको स्मृतिमा कार्यक्रम गरिएको जानकारी दिनुभयो । प्रजातान्त्रिक समाजवादलाई कार्यान्वयनमा लैजान कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा उहाँको जोड थियो ।रासस

# समृद्धिका लागि राष्ट्रिय एकता अपरिहार्य छ : नेता सिटौला

काठमाण्डु । नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले राजनीतिक परिवर्तनमा एक भएका राजनीतिक दल अब मुलुक र जनताको समृद्धिका लागि राष्ट्रिय एकता अपरिहार्य रहेको बताउनुभएको छ ।

राष्ट्रियसभाको विहीबारको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफलका क्रममा नेता सिटौलाले वर्तमान अवस्थामा फेरि राष्ट्रिय एकताको अपरिहार्यता रहेको बताउनुभयो ।

"नेपाललाई विश्व मञ्चमा प्रतिस्पर्धी मुलुकका रूपमा चिनाउन राष्ट्रिय एकताको आवश्यकता रहेको छ । राष्ट्रिय एकतालाई सुदृढ पार्ने राजनीतिक दलले नै हो", राष्ट्रियसभामा कांग्रेस संसदीय दलका नेता सिटौलाले भन्नुभयो, "यसतर्फ सबै राजनीतिक दलले गम्भीर भएर सोच्नुपर्छ ।

" राजनीतिक दलहरूले गरेको सङ्कल्प पूरा गर्ने प्रतिबद्धता आवश्यकता भएको उल्लेख गर्दै उहाँले राजनीतिक परितर्वनमा सरिक हुने सबै राजनीतिक दल मिलेर जनताको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनको



चाहना पूरा गरौँ भन्नुभयो ।

"फेरि एकपटक मुलुकले राजनीतिक दलहरूका बीचमा वृहत समझदारी र एकता खोजेको छ, मैले राजनीतिक दलमा जुन विश्वास देखेको थिएँ, त्यो विश्वास टुटेको छ, सिङ्गो मुलुक अविश्वासको खाडलमा छ । विश्वासको सङ्क ट छ", नेता सिटौलाले भन्नुभयो, "फेरि एकपटक सैद्धान्तिक र नीतिगत रुपले एक ठाउँमा आएर साझा दृष्टिकोणअनुसार अगाडि बढ्ने सङ्कल्प गरौँ ।"

द्वन्द्व पीडितलाई न्याय दिन हरसम्भव प्रयास गर्न सबैको ध्यान जानुपर्नेमा जोड दिँदै नेता सिटौलाले सङ्क्रमणकालीन न्यायलाई निरुपण गर्न गठित आयोगको कामकारबाहीलाई प्रभावकारी बनाइनुपर्ने बताउनुभयो । "अब द्वन्द्वपीडितलाई न्याय पाइन्छ भन्ने विश्वास दिलाउन सक्नुपर्छ, न्याय दिनसक्ने गरी आयोगलाई पूर्णता दिनुपर्छ", उहाँले भन्नुभयो ।

बाह्रबुँदे सम्झौताबाट सुरु भएको राजनीतिक 'कोर्स'का आधारमा तत्कालीन अवस्थामा विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमार्फत नै नेपालको आगामी राजनीतिक परिदृश्य कोरिएको उहाँले स्मरण गर्नुभयो । विसं २००७ को क्रान्तिमा उठेको संविधानसभाद्वारा संविधान जारी गर्ने माग माओवादी आन्दोलनबाट पूरा भएको उल्लेख गर्दै उहाँले राजनीतिक दलले गरेको प्रतिबद्धताबाट दायाँबायाँ हुन नहुने बताउनुभयो ।रासस

# देवेन्द्र गौतम पत्रकारिता पुरस्कार शम्भु श्रेष्ठलाई

काठमाण्डु । यस वर्षको 'देवेन्द्र गौतम पत्रकारिता पुरस्कार' वरिष्ठ पत्रकार शम्भु श्रेष्ठलाई अर्पण गरिने भएको छ ।

वरिष्ठ पत्रकार देवेन्द्र गौतमका स्मृतिमा करेन्ट मिडिया एन्ड रिसर्च सेन्टर प्रालिद्वारा स्थापित सो पुरस्कारको राशि रु



एक लाख रहेको छ । पत्रकार गौतमको दोस्रो स्मृति दिवस आगामी असोज २ गते सो पुरस्कार प्रदान गरिने सेन्टरका अध्यक्ष प्रदीपा गौतमले जानकारी दिनुभयो ।

'दृष्टि' साप्ताहिकका सम्पादक श्रेष्ठ विगत पाँच दशकदेखि निरन्तर लोकतान्त्रिकमूल्यमान्यतामाआस्था राखी पत्रकारिता क्षेत्रमा सक्रिय हुनुहुन्छ । तत्कालीन पञ्चायती निरङ्कुश सत्ताबाट 'नेपाल पोष्ट' साप्ताहिकको प्रकाशनमा रोक लगाउँदा उहाँले आफ्नो नाममा दर्ता भएको 'मायालु' साप्ताहिक 'नेपाल पोष्ट' का सम्पादक । प्रकाशकलाई सहयोगस्वरूप प्रकाशन गर्न प्रदान गर्नुभएको थियो । गाईजात्रा अङ्कमा आपत्ति जनाई 'मायालु' को पनि प्रकाशनमा रोक लगाइएको इतिहास छ ।

संस्थाले कलाकार गेहेन्द्रमान अमात्य तथा पत्रकार एवं प्राध्यापक रघु घिमिरेलाई पनि प्रशंसापत्र प्रदान गर्ने छ । उहाँहरूलाई जनही रु पचास हजार दिइने छ ।

अमात्य सरकारी सेवा सूचना विभागमा सेवारत हुनाका साथै निजी तवरमा छापिने पत्रपत्रिकालाई तस्बिरका 'जिंक ब्लक' बनाएर उपलब्ध गराउनुहुन्थ्यो । यस्तै घिमिरेले सहर वा ग्रामीण क्षेत्रका सर्वसाधारणका विषयदेखि महत्त्वपूर्ण घटनाको समाचार पत्रपत्रिकालाई उपलब्ध गराएको जनाइएको छ । रासस

# उन्नाइस हजार बढीले लिए सवारी चालक अनुमतिपत्र

चितवन । यातायात व्यवस्था कार्यालय भरतपुरबाट १९ हजार ७४ जनाले सवारी चालक अनुमतिपत्र लिएका छन् । कार्यालयले विसं २०८० वैशाख ४ गते देखि सवारी चालक अनुमतिपत्र दिन सुरु गरेको थियो । उनीहरूले नयाँ र वर्ग थप गरेर सवारी चालक अनुमतिपत्र लिएका हुन ।

कार्यालयका प्रशासकीय अधिकृत सुरेशकुमार चपाईका अनुसार कार्यालयबाट सवारी चालक अनुमतिपत्र प्रदान तथा नवीरण गर्दै आएको छ । सो अवधिमा १४ हजार ९०५ जनाले सवारी चालक अनुमतिपत्र नवीकरण गरेको उहाँले बताउनुभयो । यस कार्यालयबाट मोटरसाइकल, स्कुटर, कार, जीप, ट्याम्पो, ई रिक्सा, ट्याक्टर, मिनिबस, बस/ट्रक, एक्साभेटर र व्याकुलोडर लगायतको सवारी चालक अनुमतिपत्र दिइने गरिएको छ ।

उहाँले भन्नुभयो "यहाँबाट अत्याधिक मात्रामा मोटरसाइकल,




स्कुटर र कार, जीपको सवारीचालक अनुमतिपत्र लिने गरेका छन् ।" यस जिल्लामा अध्ययन वा रोजगारीको सिलसिलामा आएका जो कोहीले पनि सवारी चालक अनुमतिपत्रका लागि आवेदन दिने गरेको उहाँले बताउनुभयो ।

चपाईका अनुसार सवारी साधनको प्रमाण पुर्जाको प्रतिलिपि ७१ जनाले लिएका छन् । गत आर्थिक वर्षमा सवारी दर्ता १३ हजार ९०९ वटा भएको छ । सवारी दर्ता प्रक्रिया सुरु भएसँगै यस कार्यालयबाट हालसम्म २९ हजार ११ जनाले सवारी साधन दर्ता गराएका छन् । कार्यालयले गत आर्थिक वर्षमा रु ८८ करोड २० लाख राजस्व सङ्कलन गरेको छ । रासस

# सुनको सिक्री लुटपाट गरेको अभियोगमा तीन पक्राउ

काठमाण्डु । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले भक्तपुरको मध्यपुर थिमी नगरपालिका-१ बस्ने ५० वर्षीया कमला गौतमको एक तोलाको सुनको सिक्री लुटपाटमा संलग्न रहेको अभियोगमा तीनजनालाई पक्राउ गरी आज सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा काभ्रेपलाञ्चोक तेमाल गाउँपालिका-९ घर भई बनेपा बस्ने ३८ वर्षीय अनिलकुमार तामाङ, काभ्रेपलाञ्चोक नमोबुद्ध नगरपालिका-५ घर भई ललितपुर ग्वार्को बस्ने ३४ वर्षीय गणेश लामा र काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिका-६ घर भई काठमाडौँ गौशाला बस्ने ३१ वर्षीय सुरेश तामाङ रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो ।


उहाँले भन्नुभयो, "कमला गौतमले घाँटीमा लगाएको एक तोलाको सुनको सिक्री गत साउन २१ गते बिहान लोकन्थलीको बस स्टपमा अपरिचित व्यक्तिले लुटपाट गरी फरार भएको घटनाको अनुसन्धानका क्रममा हाम्रो टोली र अपराध शाखा ठिमी भक्तपुरबाट खटिएको प्रहरीले निज तीनजनालाई भक्तपुरको कौशलटारबाट पक्राउ गरेको हो ।"

पक्राउ परेका अनिलकुमारमाथि यसअघि विसं २०७१ जेठ १ गते प्रहरी वृत्त गौशालाबाट, गणेशमाथि प्रहरी वृत्त नयाँ बानेश्वरबाट तीनपटक र सुरेशमाथि प्रहरी वृत्त बौद्धबाट एकपटक तथा प्रहरी वृत्त गौशालाबाट तीनपटक अभद्र व्यवहार मुद्दा चलेको खुल्न आएको सूचना अधिकारी आचार्यले बताउनुभयो ।

पक्राउ परेकाहरुलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त ठिमी, भक्तपुर पठाइएको उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।रासस

जनकपुर टुडे

२०८१ साल भाद्र ०७ गते शुक्रबार (23 August, Friday, 2024)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जोखिमपूर्ण यात्राको समाधान गर

हुलाकी राजमार्ग अन्तर्गतको धनुषा-सिरहा जोड्ने निर्माणाधीन कमला पुलको कार्य सम्पन्न नहुँदै भासिएपछि सर्वसाधारणहरूलाई सास्ती भोग्नु परेको छ । वर्षायाममा बाढीको समस्या हुँदा पनि स्थानीय यात्रीहरु छोटो दूरी र पारम्परिक बाटोसमेत रहेकाले जोखिम मोलेर भए पनि आवतजावत गर्न बाध्य छन् । धेरै वर्ष अघिदेखि सोही विषयलाई मध्यनजर गर्दै सामाजिक, सांस्कृतिक र आर्थिकरुपमा समेत जोड्नका लागि कमला पुल बनाउनतर्फ सरकार गम्भीर भएको देखिएको थियो । तर १३ वर्ष वित्दासमेत निर्माण भएको पुल भासिए पनि सोको पुनः मर्मतसम्भार तथा निर्माण कार्यलाई कछुवा गतिको रुपमा दिदाँ धनुषा-सिरहा दुवैतर्फका स्थानीय आजित बनेका छन् । तर सरकारलाई यसले खासै प्रभाव भएको नदेखिरहेको अवस्थामा अहिले पुनः अर्को नयाँ पुल निर्माणका लागि आन्दोलन थालिएको छ। विकास निर्माणको लागि भइरहेको आन्दोलनलाई सकारात्मक भन्दा पनि भइरहेको विकास कार्यलाई चुस्तदुरुस्त र छिटो छरितो तथा दीर्घकालीनरुपमा निर्माणको काम सम्पन्न गर्न र गराउनका लागि समेत पहलकदमी लिनुपर्ने देखिन्छ। एकातर्फ निर्माणाधीन पुलको निर्माणका लागि कम्पनीमाथि समेत अदालतमा मुद्दा चलिरहेको छ। लामो समयदेखि निर्माणाधीन पुलको निर्माण र सुचारुको माग गर्दै भइरहेको आन्दोलन यसपटक भने अर्को नयाँ पुल निर्माणको मुद्दामा गएर अड्किएको छ । हुन त कमला नदीलाई मध्यनजर गर्दै विभिन्न स्थानमा पुलदेखि झोलुंगेसम्म निर्माण भएको छ र भइरहेको पनि छ । निर्माणाधीन पुल कहिले सम्पन्न हुने ठेकान नभएको अवस्थामा पुनः अर्को नयाँ पुल निर्माणको माग गर्नु र सरकारप्रति तत्कालै विश्वासको आधारसमेत नरहेको अवस्थामा सामूहिक अनसनमा बसेकाहरुले कसरी नयाँ पुल निर्माणको माग गरेको छ भन्ने कुरा पनि यदाकदा चर्चा भइरहेको छ । यस्तो अवस्थामा एकातर्फ निर्माणाधीन पुल अलपत्र अवस्थामा छ भने अर्कोतर्फ अर्को नयाँ पुल निर्माणको माग भइरहेको छ। त्यो पनि मधेश प्रदेश सरकारसंग । मधेश प्रदेश सरकारले अर्को नयाँ पुल निर्माणभन्दा पनि निर्माणाधीन पुललाई लिएर संघीय सरकारसंग समन्वय गरी समाधानको बाटो अपनाइरहेको बताउँदै आएको छ। मुलुक संघीय संरचनामा गएपछि अहिलेसम्म मधेश सरकारले आफ्नो महत्वाकांक्षी योजनासमेत बनाउन नसकेको अवस्थामा संघीय सरकारको मातहतमा रहेको ठूला सूचीमा रहेको कमला नदीमा पुल बनाउन सक्ने अवस्था नरहेको भन्ने हेक्का राख्नु जरुरी छ । त्यसैले अर्को नयाँ पुल वा निर्माणाधीन पुल निर्माण सम्पन्न भन्दा पनि धनुषा-सिरहाका स्थानीयवासीको जोखिमपूर्ण यात्रालाई विराम दिनका लागि पहलकदमी लिनुपर्ने अहिलेको आवश्यकता रहेको छ।

# सामाजिक सञ्जाल,यौन जागरुकता र नेपाली समाज एक अध्ययन



दिपेश कर्ण

समाज अन्तरनिर्भरता,समन्वय र मानवीय सामुहिक बसोबासको व्यवहारिक र भावनात्मक अभ्यास हो । सामाजले सँस्कृति,परम्परा,धर्म आदिजस्ता तत्वहरु समेटे तापनि यसको महत्व खासमा मानवता र अनुशासनले गर्दा हो र यही दुईको समष्टिगत स्वरुपलाई सभ्यता भनिन्छ । सामाजिक सञ्जालहरुले डिजिटल संसारमा छोटो समयमै प्रभावकारी स्थान ओगट्न सफल भयो । यसले नयाँ पिढिलाई अलग अलग क्षेत्र तथा प्रसंगसँग आफुलाई जोड्न सहायतासमेत प्रदान गर्यो । युट्युबको सहायताले पूर्वप्राथमिक विद्यालयका कविता बच्चाले कंठस्त पारे भने एनिमेशन भिडियो र युरोपेली राष्ट्का खेलौना,खानेकुरा र हावभाव समेत सहजै स्वीकारे । प्रविधिको यो जादुले हामी मख्ख पर्यौ साथै प्रविधिमाथि अनावश्यक निर्भर पनि भयौँ । जर्नल अफ हेल्थ प्रोमोशनमा यौन सञ्चार र व्यवहार शिर्षकमा प्रकाशित एक अनुसन्धान लेखका अनुसार नेपालमा सन् १९९५ मा ५० जनाभन्दा पनि कम इन्टरनेट प्रयोगकर्ता थिए। जबकि सन् २०२१ मा यो संख्या ह्वातै बढेर कुल जनसंख्याको ३८ प्रतिशत अर्थात् १ करोड १० लाख हुन पुग्यो। यसमा पनि कुल सामाजिक सञ्जाल प्रयोगकर्ताहरुमा लगभग आधा प्रयोगकर्ता मात्र १५ बर्षदेखि २४ बर्ष उमेरसमूहका युवा नै रहेकाछन् ।

अति कठिन बनेको छ। यसप्रकार प्रविधिको अविरल प्रवाहलाई रोक्न नसकेपनि यसका हानिकारक पक्षबाट सन्तानलाई जोगाउन पक्का पनि सकिन्छ । एक अध्ययनको अनुसार बच्चालाई कमसेकम १५ वर्षको उमेरसम्म मोबाइल र यस्ता स्मार्ट ग्याजेटहरुबाट जोगाउनाले अहिले हेरिएको मोबाइल र यस्ता स्मार्ट ग्याजेटहरुको दुष्प्रभावस्वरुप बच्चामा छिटै जिस्किने,चिढचिढापन,जिद्दिपन,छिटै रिसाउने,कुरा न मान्ने,छिटै भावनात्मक भएर एकान्तमा रुने जस्ता मनोवैज्ञानिक समस्याहरुमा धेरै हदसम्म कमि ल्याउन सकिन्छ । साथै बच्चाले मोबाइल,ट्याबबाट हेरेर सिक्नुभन्दा पनि आफैले गरेर सिक्ने सृजनशील व्यवहारमा बिकास हुन्छ।

अर्को सबभन्दा महत्वपुर्ण र खासै चर्चाबाट पन्छिन खोजिएको विषय हो यौनशिक्षा र यसबाट प्राप्त हुने यौन जागरुकता। यो लाजको विषय हो भनी मान्यता हाम्रा पुर्वी केही राष्ट्रहरुमा खास गरि नेपाली समाजमा रहेको देखिएको छ। जबकि यौन सभ्य र स्वस्थ सामाजिक अभ्यासको आधार पनि हो । प्राचीनमा गुरुकुल सभ्यताअन्तरगत यौनशिक्षा पूर्ण वैज्ञानिक तवरले कामशास्त्र अन्तरगत पनि पढाइन्थ्यो । खासै यौन शिक्षा यौनजन्य क्रियाकलापसम्मको ज्ञानमा सिमित नरहि यौनजन्य अंग र तिनका काम,हेरचाह साथै यस्ले मनोवैज्ञानिक र हार्मोन सन्तुलनमा पार्ने प्रत्यक्ष र परोक्ष प्रभाव आदिको समष्टिगत ज्ञान दिने शिक्षा पनि हो। साइनटिफिक रिसर्चमा नेपालमा वर्तमान किशोरावस्था यौन शिक्षा एक दृष्टिकोण शिर्षकमा प्रकाशित एक अनुसंधानका आधारमा नेपालमा मात्र १६-४० वर्ष उमेरसमुहका कुल जनसंख्याको ४०प्रतिशत तथा १० देखि १९ वर्ष उमेरसमुहका २३.६प्रतिशत किशोरकिशोरीहरुको मात्र जनसंख्या भेटिएको देखिन्छ । उक्त अनुसन्धानकै आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको एक तथ्यांकअनुसार नेपालमा १७ प्रतिशत किशोरीहरु १५-१९ वर्षकै

शिक्षा समावेश रहेतापनि सतहिस्तरमा यसप्रति विद्यार्थी वर्गमा चेतनाको खासै प्रभावकारी अवस्था रहेको भेटिएको छैन । यसैसन्दर्भमा अनुसन्धान गर्दै जाँदा अनौपचारिक रुपमा विद्यार्थी भाइ-बहिनीहरुबाट नै अलि असहज र लाजको विषय भएको हुनाले कक्षा-कोठामै खासै यसकोबारेमा खुलेर चेतनामुलक पठन-पाठन हुननसकेको गुनासो सुनियो । यसका परिणाम स्वरुप २१ वर्षपछिको उमेरसम्म पुग्दा पनि यौनशिक्षा र व्यवहारिक चेतना तिनमा विकसित हुन नसकेको अवस्था रहिरहन्छ।

यौनशिक्षा आजको पुस्ताको शैक्षिक आवश्यकता हो। जसमा सबभन्दा महत्वपुर्ण भुमिका परिवार,तत्पश्चात शैक्षिकसंस्था र शिक्षक-शिक्षिकाको हुने गर्छ। यदि तपाईँ आफ्नो सन्तानसँग खुलेर यससन्दर्भमा कुरा गर्नुभएन भने बाहिरका तत्वले गर्लान् र याद राखौं ती बाहिरका तत्वले के जानकारी साझा गर्छन्,कतिको सत्य र व्यवहारिक जानकारी साझा गर्छन् भन्नेमा तपाइको अभिभावकिय नियन्त्रण रहनजाँदैन। यस ज्ञानलाई सहज,सरल र प्रभावकारी बनाऔं। बच्चाको पहिलो प्रारम्भिक विद्यालय उसको घर नै हुन्छ,जहाँबाट निर्वाध रुपमा उचित समयमा यौनशिक्षा र जागरुकता प्रदान गरिनुपर्छ। उदाहरणको रुपमा, एउटा किशोरावस्था र युवावस्थाका केटाकेटीहरुको सभामा एउटा बन्द बाकस लिएर केहि नबोलिकन पनि यत्तिकै राखियो भने घण्टौ सम्म यो सबैको ध्यान र रुची आफुतिर आकर्षित गरिरहन्छ। तर त्यहि बाकसलाई खोलेर पारदर्शि सबैको सामु राखियो भने केही सेकेन्ड पछि नै यसप्रति सबैको रुचि समाप्त हुन्छ । ठीक यसैप्रकार यौनशिक्षालाई नकारात्मक सोच र लाजका विषयमानि जत्ति ढाकछोप गरिन्छन् यो उत्तिकै अनियन्त्रित रुचिको विषय बन्दै जान्छ। विद्यालयस्तरीय शिक्षामा कक्षा ८ देखि नै सामान्यतया शारिरीक शिक्षा अन्तर्गत किशोरावस्थाका लक्षणजस्ता विषयवस्तु पढाइ हुँदापनि यतिमात्रले यौन जागरुकता आउँदैन। कतिपय विद्यालयहरुमा प्राविधिक शिक्षा दिने र अन्य कारणले पनि कक्षा ९ र १० तिर खासै शारिरीक शिक्षा अध्ययन अध्याापन नै नभएको

बढ्ने आदि प्रारम्भिक शारिरीक शिक्षा नै हुन् । यौन क्रियाकलाप के हो ? यसको सही उमेर र अपनाउनुपने सावधानीको पनि चर्चा हुनु आजको यौनजागरुकताको माग रहेको देखिन्छ । अर्थशास्त्रले यौनलाई पनि आधुनिक दुष्टिकोणभित्र आधारभुत आवश्यकता भित्र नै राखेको छ। युवाहरुमा स्पर्मको निर्माण प्रक्रिया र युवतीहरुमा सन्तान उत्पत्तिमा यस्को महत्वपुर्ण भुमिका साथै सम्भोग गर्ने स्वस्थ र अनुशाषित उमेर र तरिकाको ज्ञानात्मक जानकारी नरहेकै खण्डमा युवा असुरक्षित यौनसम्पर्कमा पर्छन् वा कलिलो उमेरमै हस्तमैथुन जस्ता कार्यमा लित्प हुन्छन् । युवतीहरुमा प्रजनन् अंगको संरचना,सम्भोगमा त्यसको सही उपयोग,यौनसम्पर्क गर्ने सही र अनुशाषित उमेर र तरिका,गर्भधारणको उचित उमेर आदिको पनि जानकारी समयमै दिइनुपर्छ। धेरै शिक्षित युवती समेतमा तिनका यौनांगको संरचना र कार्य थाहा नभएको हुनसक्छ जबकि यी धेरै नै आधार भुत यौन शिक्षा भित्र पर्न जान्छ । आधुनिकताको आडमा सभ्यतवरले किशोरावस्थामै यौनसम्पर्कमा आउनु बच्चाको न त शैक्षिक लक्ष्यको हितमा हुन्छ न त यो हाम्रो नेपाली सँस्कृति र मान्यता भित्र पर्नजान्छ । नेपाल सरकारले अश्लिल वेबसाइटहरु दुरसञ्चार निर्देशिकाअनुसार नेपालको सीमाभित्र निषेधित गरेता पनि यो पुर्ण रुपेण निषेधित नभएर अहिले पनि सजिलै चलाउनसक्ने भेटिएको छ। कलिलो उमेर समुहका केटाकेटीहरुलाई खासै यौनजागरुकता नरहेको हुनाले त्यसता अश्लिल वेबसाइटहरुभित्र छिर्न पाइ सजिलै बहकिने सम्भावना देखेको छु। सरकारले पनि त्यस्ता वेबसाइटहरु प्रतिबन्धित गर्नुको साटो युवाहरुको शैक्षिक संस्कारमै यौनजन्य जागरुकता र सजगता स्थापित गर्नसके बढी प्रभावकारी हुनेथियो । यस्तै यौनजागरुकता कै अभावमा किशोरकिशोरी तथा युवा-युवतिहरुले विज्ञान,प्रविधि,व्यवस्थापन,उद्यमशीलता र देशको अर्थ,शिक्षा,राजनीति आदिमा सृजनशीलता तथा नवप्रवर्तन गर्ने उमेरसमुहमा सामाजिक सञ्जालमा

| आर्थिक वर्ष | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/७८ | कुल | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बलात्कार | बलात्कारका प्रयास | बलात्कार | बलात्कारका प्रयास | बलात्कार | बलात्कारका प्रयास | बलात्कार | बलात्कारका प्रयास | बलात्कार | बलात्कारका प्रयास |
| कुल | १२९१ | ६६४ | १९३४ | ७२५ | २११३ | ६२७ | २११२ | ६३३ | ७२५० | २६४८ |
| काठमाण्डौ | | | | | | | | | | |
| उपत्यका | १८८ | ६३ | २९६ | ६१ | २६६ | ५२ | २०९ | ३३ | ९५९ | २०९ |

**स्रोत : महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र,२०७८**

सामाजिक सञ्जाल खासै यौनजन्य कुप्रवित्तिको द्योतक हो भन्ने मेरो तात्पर्य पक्कै पनि होइन तर नयाँ पुस्तामा तिव्र रुपमा बदलिदो स्वभाव र मान्यताको एक प्रमुख कारक पक्का पनि हो । अस्वस्थ र अव्यवहारिक प्रेमसम्बन्धसँग मेलखाने पटकथा र नाटकमा बनेका छोटो भिडियोहरुले युवाहरुमा एक अपरिपक्व प्रेमसम्बन्धको लालसा जन्मदिन्छ । अन्तरवैयक्तिक गुणस्तर बृद्धि गर्नुभन्दा पनि बाह्य सुन्दरताको महत्व बढि दिनथालिएको छ। यी सब व्यक्तिविशेषलाई मात्र नभएर नेपाली सामाज र सँस्कृतिसमेतको भविष्यलाई जोखिममा पार्न थालेको देखिएको छ। झन् इन्टरनेटको सहज उपलब्धता र स्मार्ट फोनहरुसम्म सहज पहुँचले हर घडि निगरानी

कलिलो उमेरमा आमा बन्छिन् । किन होला त यस्तो भन्दाखेरि नवयुवायुवतिहरुमा यौन जागरुकतामुलक अभिभावकिय तथा विद्यालयस्तरबाट प्रयास पूर्ण नभएको हुनसक्छ।

सामान्यतया १२ देखि १३ वर्ष उमेरपुग्दैमा केटीहरुको रजस्वला चक्र प्रारम्भ हुनेगर्छ। तिनका र साथै केटाकेटीहरुमा किशोरावस्थामा शुरुहुने शारीरिक र मानसिक विकास र परिवर्तनको पनि शुरुवात हुन्छ जसलाई हामी अंग्रेजीमा टीन ऐजँ पनि भन्छौ । यो अवस्था स्वास्थ्य तथा विज्ञानका दृष्टिकोणले पनि अत्यन्त संवेदनशील र हेरचाहको समय हो जहाँ बच्चालाई किशोरावस्थाका लक्षण र यौनशिक्षाको उपयुक्त ज्ञान नितान्त आवश्यक ठानिएको छ। नेपाल सरकार पाठ्यक्रम बिकासकेन्द्रले निर्माण गरेको विद्यालयस्तरीय विषयवस्तु र पाठ्यक्रममा स्वास्थ्य

पाइयो । अहिलेको आवश्यकतामा बच्चालाई प्रारम्भिक कक्षामै सभ्य र असभ्य स्पर्श,नानीहरुको बस्ने,झुक्ने,उभ्ने सभ्य र सुरक्षित तालिम दिइनुपर्छ। किशोरावस्थामा पुगेका केटाकेटीहरुसँग अभिभावकले र तत्पश्चात शैक्षिक संस्थाले स्पष्ट र खुलेर ज्ञानमुलक कुराकानी गर्नुपर्छ। यौन जन्य कुराकानी हाम्रो नेपाली समाज र सँस्कृतिमा लाज र मर्यादाको विषय पनि भएको हुनाले यस्ता भावनालाई ठेस नपुग्ने गरि उक्त बच्चालाई उक्त शिक्षा दिइनुपर्ने कुरामा मेरो विश्वास छ।

यौनजागरुकतामुलक शिक्षामा किशोरकिशोरी तथा नवयुवा-युवतिहरुलाई किशोरावस्थामा हुने शारिरीक परिवर्तनहरु जस्तै केटाको आवाज अलि भारी हुने,केटा-केटीहरुमा प्रजनन अंग बिकसित हुने र उक्त अंग वरिपरि रौँ आउने,केटीहरुको मासिकचक्र(रजस्वला) शुरु हुने,केटीहरुको स्तन बढ्ने,केटाहरुमा जुँगा-दाह्री पलाउने,विपरी लिङ्गप्रतिको आकर्षण

मोहक ँरिल्स,भिडियौँ मा मख्ख परिराख्ने ,विपरित लिङ्गप्रतिको आकर्षण र पछि अस्वस्थ कलिलो उमेरमा यौनसम्पर्क र आमा बन्नेजस्ता अव्यवहारिक क्रियाकलापमा पर्न जान्छन् ।

खासै यौन जागरुकतामुलक शिक्षाले युवावर्गलाई यौन अतिसामान्य कुरा रहेको र समग्र जीवन नभई जीवनको एक अति लघु अंशमात्र रहेको बोध गराउँछ । यसले युवाहरुमा यौनक्रिडा प्रतिको आकर्षण सामान्य हुँदै जान्छ। यौनको पूर्ण शिक्षाले युवाहरुको अप्राकृतिक हस्तमैथुन जस्ता दुर्व्यसन छुट्न गई शिक्षा र विकासतिर अग्रसरहुने एकाग्रतामा बृद्धि गराउँछ । हस्तमैथुनका बारेमा वैज्ञानिक धेरै अलग-अलग धारण रहेतापनि यसको दुर्व्यसनले पुरुषमा विभिन्न शारिरीक र मनोवैज्ञानिक असरलाई पनि नकार्न सकिदैन।

# ‘जलवायु परिवर्तनको असरस्वरुप सोलुखुम्बुको हिमताल फुट्यो’

**अनिल पोखरेल**

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ मा पर्छ थामे बजार । सर्वोच्च शिखर सगरमाथा क्षेत्रमा पदयात्रा जानेहरू थामेमा बास बस्ने गर्थे । तर २०८१ साउन ३२ गते शुक्रबार दिउँसो करिब १ बजे ठूल्ठूला ढुङ्गा र गेग्रानसहितको भीषण बाढीले हेर्दाहेर्दै रमणीय थामे बजारलाई ढुङ्गे बगरमा परिणात गर्‍यो । अकस्मात आएको बाढीले पर्यटकीय गाउँ थामे बजारका १३ वटा घर पूर्ण रूपमा र १० वटामा आंशिक क्षति भएको छ । एउटा विद्यालय, एउटा स्वास्थ्यचौकी पनि बगायो। उक्त दिन पानी खासै परेको थिएन र पनि लेदोसहितको यति ठूलो बाढी र गेग्रान कसरी आयो भन्ने सबैमा ठूलो प्रश्न थियो।

शनिबार बिहान रक्षामन्त्री मानवीर राईको नेतृत्वमा हामी थामे बजार पुग्यौँ । त्यहाँ पुगेर प्रभावित परिवारलाई नगद तथा जिन्सी राहत वितरण गर्नाका साथै स्थलगत अवलोकन र स्थानीयसँग अन्तरक्रिया गर्‍यौँ। थामे बजारबाट थामे खोलाको मुहानतर्फ लाग्यौँ । त्यहाँ पाँचवटा तालहरू देख्यौँ । त्यो मध्येको सबैभन्दा माथि रहेको ठूलो तालबाट पानी भरिएर बरफसँगै तल्लो तालमा गएर बजारिए छ । त्यसले ठूलो छाल बनाएर निकासतर्फको भाग भत्काएर बाहिर निस्केछ। यस्तो प्रक्रियालाई हिमताल फुटेको भनिन्छ। उक्त पानीले दायाँबायाँका ढुङ्गा, गेग्रानलाई खोतलेर तल लगेर थामे बजारमा थुपार्‍यो।

जल तथा मौसम विज्ञान विभाग, प्राविधिक र विषयविज्ञको सहभागितामा सो घटनाको विस्तृत अनुसन्धान गर्न टोली गठन गरेका छौँ। उक्त टोलीले अध्ययन गरिसकेपछि मात्रै निष्कर्षमा पुग्न सकिन्छ । सामान्यतः घटनास्थलको सरसर्ती अवलोकन गर्दा तापक्रम वृद्धिकै कारणले हिमताल विस्फोट भएको अनुमान गर्न सकिन्छ। अहिले कति तापक्रम वृद्धि भयो, विगतको तापक्रमको घटबढको अवस्था के थियो भन्ने पनि अध्ययन गर्छौँ । म आफैँले सो क्षेत्रको स्थलगत अवलोकन गरेँ । त्यहाँ पातला कपडा लगाउँदा पनि सो उचाइमा आश्चर्यजनक गर्मी महसुस भइरहेको थियो । थामे बजारका स्थानीयसँग अन्तरक्रिया गर्दा पनि उहाँहरूले तीन/चार दिनदेखि नै कालानिला बादल मडारिरहेको बताउनुभयो। बौद्ध धर्म परम्पराअनुसार उहाँहरूले तालसम्म पुगेर पूजाआजा गर्ने उद्देश्यका साथ तयारी गर्नुभएको रहेछ। उहाँहरूका अनुसार बाढी आउने दिन बिहान सो क्षेत्रमा पानी परेको थिएन। तर त्यस दिन कालो बादल थियो। उहाँहरूले अहिलेसम्म त्यसखालको कालो बादल नदेखेको बताउनुभयो।

मसिनो तर लगातार पानी परिरहेको, हप्पी गर्मी । पानी र तापक्रम दुवैका कारण पहिलो ताल फुट्यो । ताल फुटेको सुनिश्चित गर्न हामीले हेलिकोप्टरबाट दुई राउण्ड नजिकबाट अवलोकन गर्‍यौँ । ताल फुट्नु पछाडिको कारण भनेकै तापक्रम ह्वात्त बढ्नु हो। त्यो पहिलो पटक फुटेको देखिन्छ। हिमताल पग्लिएपछि माथिल्लो तालबाट हिउँको डल्लासहित तल्लो तालमा बजारिएको अनुमान गर्न सकिन्छ । तल्लो तालको निकासतर्फको भूभाग कमजोर रहेछ। त्यसको भित्र सयौँ वर्षदेखिको हिउँको ढिक्का चट्टान रहेको हुनसक्छ। तापक्रम वृद्धि भएपछि त्यो आफैँ पग्लिन थालेको अवस्थामा माथिल्लो तालबाट पानी र बरफ बगेर आइसकेपछि त्यसको छालले तल्लो तालको मुख फोड्यो। माथिबाट पानी र बरफ बज्रिएपछि दोस्रो ठूलो तालको पहिल्यै कमजोर भइसकेको मुख फुट्यो । माथिल्लो तालको केहीसहित त्यो पानी ह्वात्तै बग्यो।

माथिल्लो ताल अहिले पनि टिलपिल टिलपिल नै छ । पहिलो तालबाट कति पानी गयो त्यो अहिल्यै भन्न सकिँदैन । रित्तिएको भनेको दोस्रो ताल हो । यसको मुल जड तापक्रम वृद्धि भएर हिमताल पग्लिएर फुटेको हो। सो घटनाको विस्तृत अध्ययन गर्न गठित टोलीले अध्ययन गरेर सो क्षेत्रमा पछिल्ला समय घटबढ भएका तापक्रमको विश्लेषण गरेर निष्कर्ष निकाल्छ । जलवायु परिवर्तनका कारणले हिमाली क्षेत्रमा जोखिम बढ्दो छ भन्ने स्पष्ट भएको छ। थामे बाढीले यसको थप पुष्ट्याइँ गर्छ । जलवायु परिवर्तनकै कारण उक्त घटना भएको हो । किनभने सो क्षेत्रमा कुनै पनि मानवीय गतिविधि छैन । हिमताललाई खल्बल्याउने गरी डोजर चलाउने, रुख काट्ने तथा मानवीय संरचना बनाउने कार्यले सो घटना भएको होइन । मुलतः जलवायु परिवर्तनको असरस्वरुप हिमताल फुटेको निष्कर्षमा पुगेका छौँ । यसलाई पुष्ट्याइँ गर्ने आधार, विगतका वातावरणीय प्रवृत्ति, अहिलेसम्म के भए भन्ने वैज्ञानिक प्रमाण जुटाएर घटनाको कारण पत्ता लगाउँछौँ।

ताल फुट्नु अघिको तालको आकार भूउपग्रह (स्याटेलाइट)को नक्साबाट निकाल्ने प्रयास गर्‍यौँ । तर बादलका कारण निकाल्न सकेनौँ । ताल रित्तिसकेपछिको आकार हेरेर पानीको मात्रा निकाल्न सक्छौँ । त्यसपछि तालबाट कति पानी बाहिर गयो र त्यसको बहाव कति थियो भन्ने निकाल्छौँ। कति पानी कति घन्टासम्म बग्यो भन्ने विषय दूरीका आधारमा पत्ता लाग्छ। पानी नाप्ने विधि छ। त्यो काम बाँकी छ । पानी मात्रै होइन, बाढीसँगै गेग्रान पनि आएको छ । त्यो पनि अध्ययन गर्छौँ । स्याटेलाइटको नक्साअनुसार पहिलेको र अहिलेको अवस्था कस्तो छ, पानी, पानीको बहाव र गेग्रानको मात्रा पत्ता लगाउँछौँ। गेग्रानमा कस्ता चट्टान थिए भनेर पनि अध्ययन गर्छौँ।

यस घटनाले हामीलाई विशिष्ट पाठ सिकाएको छ। हिमाली क्षेत्रमा रहेका साना ताल पनि उत्तिकै जोखिममा रहेछन्। हिमतालको जोखिम प्राथिमिकीकरण गर्ने तरिका नै पुनरावलोकन गर्नुपर्ने रहेछ। यस कामलाई प्राथमिकता दिन्छौँ। ठूल्ठूला मात्रै होइन, साना तालले पनि मुख्यगरी बस्तीलाई नोक्सानी पुर्‍याउन सक्दा रहेछन् । बस्ती एक/डेढ सय किलोमिटर तल हुँदाहुन् त त्यति क्षति गर्दैनथ्यो होला। साना ताल विस्फोट हुँदा बस्ती, पुल, जलविद्युत् आयोजना,



विद्यालयलगायत संरचना नजिकै छ भने क्षति बढी हुन सक्छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिवको नेतृत्वमा जल तथा मौसम विज्ञान विभाग, खानी विभाग, सिँचाइ विभाग र सरोकार भएका निकायका प्रतिनिधि तथा विषयविज्ञ सहभागी हुनुहुन्छ। सो टोलीले यसको वैज्ञानिक आधार र कारण, किन ताल फुट्यो ? र यससँग जलवायु परिवर्तनको सम्बन्ध लगायत बारेमा अध्ययन गर्छ। अर्को टोलीले सोलुखुम्बुको थामे बजारदेखि ओखलढुङ्गासम्म कुनकुन क्षेत्रमा कति नोक्सानी भए भन्ने अध्ययन गर्छ । टोलीले बाढीबाट बस्ती, स्वास्थ्य चौकी, विद्यालय, सडक, पुल, खानेपानी, जलविद्युत् आयोजना र कृषि क्षेत्रमा भएका नोक्सानीको विवरण तयार गर्छ। दुई वटा टोलीको निष्कर्षका आधारमा आगामी दिनमा थामे बजारको पुनःस्थापनाका लागि गर्नुपर्ने तयारी, नफुटेका तीनवटा तालको जोखिमको अवस्था, ती तालको पानी घटाउने सम्भावनालगायत बारेमा निचोडमा पुग्छौँ। त्यसपछि मात्रै थामे बजारको त्यहीँ पुनःनिर्माण गर्ने कि स्थानान्तरण गर्ने निर्णय गर्छौं ।

सो घटना रातिमा भएको भए ठूलो मानवीय क्षति हुन सक्थ्यो । सबैभन्दा पहिला विद्यालयमा खेलिरहेका बालबालिकाले त्यो पहिरो देख्नुभएछ । सो विद्यालय थामे बजारभन्दा थोरै उत्तरमा छ। उहाँहरूले आफ्ना शिक्षकलाई सुनाउनुभएछ । शिक्षकले विद्यार्थीलाई सुरक्षित स्थानमा लैजानुभएछ । थामे उपत्यका धेरै फराकिलो छैन । नदीको खोँच जस्तो छ । केही परिवार दायाँ पट्टी र केही बायाँ पट्टी हुनुहुँदो रहेछ। इन्टरनेटको राम्रो सुविधा भएको ठाउँ र एकताबद्ध समुदाय रहेछ । बाढी देख्नेबित्तिकै उहाँहरूले सामाजिक सञ्जालका समूह (ग्रुप)मा खबर गर्नुभएछ। अहिले पर्यटकीय सिजन नभएको हुँदा त्यहाँ विदेशी पर्यटक हुनुहुँदो रहेनछ। बेलैमा खबर पाएका कारण उहाँहरू सुरक्षित स्थानमा जान भ्याउनुभएछ।

यो स्तरको घटना अहिलेसम्म व्यहोरिएकै थिएन। २०४२ सालमा डिक्छो हिमताल फुट्यो । त्यतिबेला राज्यको केही तयारी थिएन। सो हिमताल फुटेपछि मात्र नेपालमा मुख्यगरी हिमालय क्षेत्रमा हिमतालको जोखिम बढ्दो छ, यसका प्रभाव बढी हुन सक्छ भनेर नेपाल सरकार, विषयविज्ञ र अन्तर्राष्ट्रिय जगत्को चासो बढ्न थालेको हो । त्यो भन्दा अगाडि पनि थुप्रै पटक हिमताल फुटेका तथ्याङ्क भेटिन्छन् । तर यत्तिको राष्ट्रिय/अन्तर्राष्ट्रिय चासो बढ्न थालेको डिक्छो हिमताल फुटेपछि नै हो । यसपछि अनवरतरूपमा हिमतालका बारेमा अध्ययन हुन थाले । नेपालमा तीन हजार छ सय २४ वटा हिमताल रहेको विभिन्न अध्ययनले देखाएका छन् । ४७ वटा जोखिमयुक्त र तीमध्ये २० वटा जुनसुकै बेला फुट्न सक्ने अवस्थाका छन् । अहिले फुटेको ताललाई जोखिमयुक्त मानिएको थिएन। जोखिमयुक्त तालका पानी घटाउनुपर्छ भनेर केही काम भएका छन्।

नेपालसँग हिमालय पर्वत क्षेत्रमै हिमतालको जोखिम न्यूनीकरणका काम गरेको विशिष्ट अनुभव छ। हिमतालको जोखिम न्यूनीकरण गर्ने कार्य आफैँमा जोखिमयुक्त र खर्चिलो पनि छ । यद्यपि, प्राधिकरणले जोखिमयुक्त तालको पानी घटाउने तथा पूर्वसूचना प्रणाली जडान गर्ने काम गरिरहेको छ। जलवायु परिवर्तनको दृष्टिकोणबाट हेर्ने हो भने बर्खाका बेलामा हिमतालको जोखिम बढी हुन्छ। मनसुनको समयमा तापक्रम पनि सरदरभन्दा बढी हुन्छ । पानी पनि परिरहेको हुन्छ। बादलले ढाकेको अवस्थामा साधारण स्याटेलाइटबाट सो क्षेत्रको तस्वीर लिन सकिँदैन । अहिले पनि सो क्षेत्रको स्पष्ट स्याटेलाइटको तस्वीर पाउन सकिएको छैन । यसका लागि विशेषखालको स्याटेलाइट क्यामेराको प्रयोग गर्नुपर्छ। यो अत्यन्त खर्चिलो हुन्छ। हिमालय क्षेत्रभर नै वर्षभर अझ मुख्यगरी मनसुनको समयमा ट्र्याक गरिरहनुपर्ने रहेछ। केही हलचल देखिएको अवस्थामा तत्कालै वैज्ञानिकको टोली पठाएर अध्ययन गर्नुपर्ने रहेछ । एक पटक मात्र जोखिम अध्ययन गरेर हुँदैन रहेछ भन्ने निचोडमा पुगेका छौँ।

हिमतालहरू सामान्यतः हिउँले पुरिएको अवस्थामा सेता हुन्छन्। कि त पानी पग्लेको अवस्थामा कञ्चन निलो देखिन्छ। हिमताल चलायमान र विचलन हुँदा वा हिमपहिरा झरेका ठाउँमा पानी धमिलो देखिन्छ। त्यहाँ तीन वटा तालमा कञ्चन पानी थिए। एउटा फुटेको र माथिको तालको पानी धमिलो देख्यौँ। जलवायु परिवर्तनका कारण तापक्रममा वृद्धि भई ग्लेसियर र पर्माफ्रोस्ट पग्लिँदा हिमताल विस्फोट भएर थामे खोलामा बाढी आएको स्पष्टसँग देख्यौँ । जलवायु परितर्वनका कारण हिमाली क्षेत्रमा एक प्रकारको सङ्कट उत्पन्न भइसकेको छ । यस्ता खालका सङ्कटले ठूलो मात्रामा क्षति तथा नोक्सानी ह्वात्तै बढेको पाउन थालेका छौँ । जोखिमपूर्ण हिमतालको जोखिम अनुगमन तथा पूर्वचेतावनीका प्रणाली जडान गर्ने साथै जोखिम न्यूनीकरणका उपाय कार्यान्वयनको आवश्यकता टड्कारो रूपमा देखिएको छ।

(राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले गत साउन ३२ गते सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ मा हिमताल फुटेर आएको बाढीको कारण र असरबारे बुधबार साँझ सञ्चारकर्मीलाई दिनुभएको जानकारीको सम्पादित अंश)

# कमला नदीमा तत्काल अर्को पुल निर्माण गर्न ध्यानाकर्षण

काठमाण्डु । राष्ट्रियसभाको विहीबारको बैठकमा सांसद तुलसाकुमारी दाहालले हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिरहाको दक्षिणी सिमनामा कमला नदीमा बन्दै गरेको पुल भासिएकाले सोही स्थानमा अर्को नयाँ पुल निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

विहीबारको बैठकको आकस्मिक समयमा सांसद दाहालले निर्माणाधीन पुल भासिएको घटनाको अनुसन्धान गर्न पनि सरकारसँग आग्रह गर्नुभयो। निर्माणाधीन पुल भासिँदा सो क्षेत्रका २० लाख नागरिकले सास्ती पाइरहेका उहाँले उल्लेख गर्नुभयो । "स्थानीय जनप्रतिनिधि र जनताले पुल निर्माणका लागि बारम्बार पहल गर्दा सुनुवाइ नभएपछि यही भदौ ४ गतेदेखि १० जना युवाले मधेस प्रदेशका मुख्यमन्त्रीको कार्यालय अगाडि अनशन बसिरहेकाले तत्काल पुनः निर्माण अघि बढाउन सरकारको ध्यानाकर्षण गराउँछु", उहाँले भन्नुभयो ।




तीस किलोमिटरको दूरी पार गर्न अर्को एक सय किलोमिटर हिँड्नुपर्ने वा भारतीय सीमाना हुँदै आउनुपर्ने बाध्यता रहेको उल्लेख गर्दै सांसद दाहालले कमला नदीमा निर्माणाधीन पुल भासिएकाले सोको छानबिन गर्न माग गर्नुभयो। कमला नदीमा पुल बनाउन २०६८ साल मङ्सिरमा पप्पु लुम्बिनी बिल्डर्स र जेभी कन्स्ट्रक्सनसँग रु २४ करोड ९१ लाखको ठेक्का सम्झौता भएको उहाँले जानकारी दिनुभयो ।

कमला नदीमा चार सय ७० मिटर लामो र ११ मिटर चौडा पुल साढे तीन वर्षभित्र सम्पन्न गर्ने सम्झौता भएको उल्लेख गर्दै सांसद दाहालले समय थप्दै लगेर १० वर्षसम्म निर्माण हुन नसकेको समेत जानकारी गराउनभुयो । स्थानीय जनताको विरोधपछि मधेस प्रदेश सरकारलाई ज्ञापनपत्र दिइएको उल्लेख गर्दै उहाँले पुल निर्माण नहुनुका कारणसहित स्पष्टीकरणसमेत सोधिएको बताउनुभयो ।

जनताको विरोधपछि हुलाकी सडक निर्देशनालयले जेभी कन्स्ट्रक्सनलाई हटाएर ठेक्काको सम्झौता लुम्बिनी कन्स्ट्रक्सनलाई दिएको बताउँदै सांसद दाहालले भन्नुभयो, "सम्झौताअनुसार पप्पु लुम्बिनी बिल्डर्सले सम्झौताअनुसार २०७८ असार १३ गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने थियो तर सो अवधिसम्म पनि पूरा हुन सकेन । निर्माणाधीन अवस्थामा रहेको पुल २०७८ असारमा भासिएर काम नलाग्ने अवस्थामा पुग्यो । यसबारे सत्यतथ्य रूपमा छानबिन गर्नु आवश्यक छ ।"

पुल निर्माणका लागि गरिएको डिजाइन नै त्रुटिपूर्ण रहेको उल्लेख गर्दै सांसद दाहालले सोको छानबिन कसले गर्ने भनी प्रश्न गर्नुभयो । उहाँले भासिएको पुलको निर्माण र मर्मत गर्ने सम्भावना नरहेको जनाउँदै सो स्थानमा नयाँ पुल निर्माण गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।रासस

# भ्रमणले नेपाल भारत आपसी सद्भाव अभिवृद्धि भएको छः परराष्ट्रमन्त्री डा. राणा

मन्त्री डा. राणाले भनिन् "भ्रमणले आगामी दिनमा उच्चस्तर एवं विभिन्न तहमा सम्पर्क विस्तार गर्न तथा द्विपक्षीय संयन्त्रहरु समेतका माध्यमबाट आपसी हितका लागि सहयोग र सहकार्य प्रबर्द्धन गर्न मार्गदर्शन समेत गरेको मैले विश्वास लिएको छु ।"



**टुडे समाचारदाता**

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले आफ्नो भारत भ्रमणले नेपाल र भातरबीचको आपसी सद्भाव अभिबृद्धि गर्न उल्लेखनीय भूमिका निर्वाह गरेको बताएकी छन् ।

भारतको चार दिने औपचारिक भ्रमण सकेर आज स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थमा पत्रकारहरुसँग कुरा गर्दै उनले यस भ्रमणबाट दुई मुलुकका बीचमा रही आएको मैत्रीपूर्ण, सहयोगात्मक, बहुआयामिक र घनिष्ट सम्बन्धलाई आपसी समानता र लाभका आधारमा थप मजबुत तुल्याउन योगदान गरेको आफूले विश्वास लिएको बताइन् ।

मन्त्री डा. राणाले भनिन् "भ्रमणले आगामी दिनमा उच्चस्तर एवं विभिन्न तहमा सम्पर्क विस्तार गर्न तथा द्विपक्षीय संयन्त्रहरु समेतका माध्यमबाट आपसी हितका लागि सहयोग र सहकार्य प्रबर्द्धन गर्न मार्गदर्शन समेत गरेको मैले विश्वास लिएको छु ।"

उनले भारतका विदेशमन्त्री एस जयशङ्करको निमन्त्रणामा गत आइतबार नयाँ दिल्ली गएको र नेपाल र भारतको उच्चस्तरीय भ्रमण आदानप्रदानको कार्यक्रम अनुसार नै यो भ्रमण भएको जानकारी गराउँदै भारतका प्रधानमन्त्री र विदेशमन्त्रीसँग सौहार्दपूर्ण रुपमा भेटवार्ता भएको तथा ती भेटमा नेपालको हित र चासोका साथै आपसी हितका विविध विषयहरुमा कुराकानी भएको जानकारी दिइन् ।

भ्रमणका क्रममा सोमबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग नयाँ दिल्लीमा शिष्टाचार भेट भएको र त्यस भेटका क्रममा नेपाल र भारतबीच रहीआएको मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ तुल्याउने एवं आपसी हितका विषयमा विद्यमान सहकार्य विस्तार गर्ने वषयमा विचारको आदानप्रदान भएको उनले बताइन् ।

यसका साथै सो अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट भारतका प्रधानमन्त्री मोदीलाई नेपालको राजकीय भ्रमणको निमन्त्रणा पत्र पनि हस्तान्तरण गरेको मन्त्री डा. राणाले बताइन् ।

सोही दिन मन्त्री डा. राणाले भारतीय समकक्षी विदेशमन्त्री एस.जयशंकरसँग पनि भेटवार्ता गरेकी थिइन् । सो भेटवार्तामा द्विपक्षीय सम्बन्ध र आपसी हितका साथै उर्जा, व्यापार तथा पारवहन, कनेक्टिभिटी, लगानी, हवाई मार्ग, पूर्वाधार निर्माण, बाढी तथा डुबान समस्या, पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, खेलकूद, सीमा पूर्वाधार लगायत सहयोग आदानप्रदान र सहकार्यका बारेमा छलफल भएको उनले बताइन् ।

भारतीय विदेशमन्त्री एस.जयशंकरको निमन्त्रणामा मन्त्री डा. राणा भारतको औपचारिक भ्रमणका लागि गत आइतबार नयाँ दिल्ली गएकी थिइन् । उनी परराष्ट्रमन्त्री नियुक्त भएपछिको पहिलो विदेश भ्रमण हो । मन्त्री डा. राणा बिहीबार नियमित उडानबाट अपराह्न ४ बजे काठमाण्डु फर्किइन् ।

## दक्षिण एसियाका साझा समस्याबारे अनुसन्धान गर्न परराष्ट्रमन्त्रीको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । हाल भारतको औपचारिक भ्रमणमा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले दक्षिण एसियामा देखा परिरहेको जलवायु परिवर्तनको असर लगायतका विविध साझा समस्याहरुको संयुक्त रुपमा अनुसन्धान गरी समाधानका उपायहरु सुझाउन दक्षिण एसियाली विश्वविद्यालयका प्राज्ञहरुलाई आग्रह गरेकी छन् ।

नयाँ दिल्लीमा बिहीबार शिष्टाचार भेटका लागि आएका दक्षिण एसियाली विश्वविद्यालयका अध्यक्ष प्राध्यापक के. के. अग्रवालसँग उनले आग्रह गरिन् ।

अध्यक्ष अग्रवालसहितको टोलीसँग मन्त्री डा राणाले भन्नुभयो "जलवायु परिवर्तन त अहिलेको यस क्षेत्रकै ज्वलन्त समस्या भयो । त्यस्तै अरु पनि हाम्रो दक्षिण एसियाली क्षेत्रका कैयौँ साझा समस्या छन् । ती समस्याको समाधानका लागि यो विश्वविद्यालयका अनुसन्धानदाता एवं प्राज्ञहरुले संयुक्त रुपमा अनुसन्धान उपायहरु सुझाउन सकेमा राम्रो हुन्छ भन्ने मलाई लाग्दछ , उनले भनिन् ।

त्यस अवसरमा सो विश्वविद्यालयका अध्यक्ष प्राध्यापक अग्रवालले विश्वविद्यालयका क्रियाकलापहरुका बारेमा जानकारी गराउँदै यस अन्तर्गत नेपाल क्याम्पस स्थापना गर्न प्रस्ताव गरिन् । सो विश्वविद्यालय दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन, सार्कका सदस्य राष्ट्रहरुको सहभागितामा सञ्चालित छ । सार्क सदस्य राष्ट्रका परराष्ट्रमन्त्रीहरु यो विश्वाविद्यालयको पदेन चान्सलर रहने व्यवस्था पनि छ ।



# नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक स्वीकृत

काठमाण्डु । राष्ट्रियसभाले नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ स्वीकृत गरेको छ। सभाको विहीबारको बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौर सियाले उक्त विधेयकमाथि विचार गरियोस् भनी राख्नुभएको प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको हो ।

उक्त प्रस्तावमाथिको सैद्धान्तिक छलफलमा सांसद मदनकुमारी शाह (गरिमा), किरणबाबु श्रेष्ठ, मायाप्रसाद शर्मा, विष्णुकुमारी सापकोटा, कृष्णप्रसाद अधिकारी, तुलसाकुमारी दाहाल र सुमित्रा विसीले प्रचलित ऐनलाई समयानुकूल बनाउन ल्याइएको सो विधेयकलाई गम्भीर अध्ययन र समीक्षा आवश्यक रहेको बताउनुभयो ।


छलफलमा उठेका प्रश्नको जवाफ दिँदै कानुनमन्त्री चौर सियाले कानुन व्यवसायीले बारम्बार उठाउँदै आएको नेपाल कानुन प्रतिष्ठान निर्माण गर्ने विषय विधेयकमा समेटिएको स्पष्ट पार्नुभयो । उहाँले प्रस्तुत विधेयकलाई समृद्ध बनाउने भूमिका खेल्न सबै सांसदसँग आग्रह गर्नुभयो ।

राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले सो विधेयकमाथि संशोधन राख्न चाहने सदस्यलाई राष्ट्रियसभाअन्तर्गतको विधेयक शाखामा दर्ता गराउन सक्ने जानकारी गराउनुभयो ।रासस

## गण्डकी प्रदेश :

# कांग्रेस–एमाले सत्ता सहकार्यमा अझै सहमति जुटेन

गण्डकी । गण्डकी प्रदेशमा नेपाली कांग्रेस र नेकपा (एमाले) बीच सत्ता सहकार्यमा ढिलाइ भइरहेको छ। नयाँ सत्ता समीकरण अनुसार सङ्घ सरकार गठन भएको डेढ महिना बितिसक्दा यहाँ भने सत्ता गठबन्धनको मुख्य घटक एमाले सरकारबाहिर छ । सत्ता साझेदारीका विषयमा पटकपटक गरिएका छलफल निष्कर्षविहीन भएका दुवै दलका नेताले जनाएका छन् ।




कांग्रेसका प्रदेशसभा सदस्य डिल्लीराम सुवेदीले दलहरूबीच मन्त्रालयको बाँडफाँटमा सहमति जुट्न बाँकी रहेको बताउनुभयो । "मुख्यमन्त्री र एमाले संसदीय दलका नेताबीच र दुवैतर्फको कार्यदलस्तरमा छलफल भइरहेको छ", उहाँले भन्नुभयो, "छिट्टै सहमति जुट्ने विश्वास छ, अब पनि ढिलो गरियो भने अनावश्यक आशङ्का पैदा हुन्छ ।" यहाँ काँग्रेस संसदीय दलका नेता सरेन्द्रराज पाण्डे नेतृत्वको सरकार छ।

मुख्यमन्त्री पाण्डेले अहिलेको सरकारमा मन्त्री रहनुभएका नेकपा (माओवादी केन्द्र)को चुनाव चिन्ह लिएर निर्वाचित नेपाल समाजवादी पार्टीका फणिन्द्र देवकोटा र स्वतन्त्र प्रदेशसभा सदस्य राजीव गुरुङलाईसमेत समेटेर सरकार पुर्नगठन गर्न चाहेको प्रदेशसभा सदस्य सुवेदीले बताउनुभयो । "उहाँहरू दुवैलाई सरकारमा साथै लिएर जानुपर्छ भन्नेमा काँग्रेस स्पष्ट छ, संसदीय दलले पनि यही निर्णय गरेको छ", उहाँले भन्नुभयो, "हिजो अफ्टेरो घडीमा सरकारलाई साथ दिनुभएका प्रदेशसभा सदस्यलाई काँग्रेसले सरकारबाहिर राख्न सक्दैन ।"

प्रदेशसभा सदस्य देवकोटा र गुरुङको निर्णायक समर्थनमा मुख्यमन्त्री पाण्डेले गत जेठ २८ गते प्रदेशसभाबाट विश्वासको मत पाउनुभएको थियो। एमाले गण्डकी प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले छलफल औचित्य पुष्टि हुने गरी मन्त्रालय थप गर्ने विषयमा एमाले सकारात्मक रहेको बताउनुभयो।

"अहिले भइरहेका मन्त्रालयमार्फत सेवा प्रवाहमा बोझ र समस्या भएको अवस्था हो भने केही मन्त्रालय थप गर्न सकिन्छ", उहाँले भन्नुभयो, "संविधान दिएको अधिकार भन्दैमा धेरै मन्त्रालय बनाउनु हुँदैन, नागरिकको पनि त्यसमा विरोध छ।" मुख्यमन्त्रीले ल्याएको मन्त्रालय थप गर्ने प्रस्तावमा छलफल चलिरहेको उहाँको भनाइ छ । अहिले सात मन्त्रालय छन् । यसअघि एमाले संसदीय दलका नेता खगराज अधिकारी मुख्यमन्त्री हुँदा १२ बाट घटाएर मन्त्रालय संख्या सातमा पुऱ्याइएको थियो।

आफ्नो सरकारका पालामा मन्त्रालय सङ्ख्या घटाएर जनस्तरबाट प्रशंसा बटुलेको एमालेले अहिलेको सरकारले पनि मन्त्रालय नथपोस् भन्ने चाहन्छ। तर साना दललाई पनि सरकारमा समेट्ने काँग्रेसको अडानका कारण त्यो सम्भव हुने देखिएको छैन ।रासस

# "वातावरणलाई स्वच्छ राख्न युवाको भूमिका महत्वपूर्ण"

काठमाण्डु । वातावरण प्रदूषण हटाएर स्वच्छ हावा कायम राख्न युवाको भूमिका महत्वपूर्ण रहेको सरोकार भएकाहरूले बताउनुभएको छ । विहीबार स्वच्छ हावा नेटवर्क नेपालले यहाँ आयोजना गरेको कार्यक्रममा सहभागी वक्ताले वातावरणलाई स्वच्छ राखी प्रदूषण हटाउन बुवाको भूमिका महत्वपूर्ण हुनेमा जोड दिनुभयो ।

नेटवर्कका संयोजकसमेत रहनुभएका वातावणविद् डा भूपेन्द्र दासले बढ्दो वायु प्रदूषण नियन्त्रणका लागि स्थानीय तहलाई सक्षम बनाउन आवश्यक रहेकामा जोड दिनुभयो । उहाँले स्वच्छ हावा कायम नराखे सर्वसाधरणको स्वास्थ्यमा नकरात्मक असर पर्दै जाने भएकाले वातावरण स्वच्छ कनाउन युवाले पहलकदमी लिनुपर्ने बताउनुभयो ।



"वायु प्रदूषणको असर र न्यूनीकरणका लागि तीनै तहका सरकार, सम्बन्धित विषयमा सरोकार भएका निकायबीच समन्वय र सहकार्य जरुरी छ। यसका बारेमा जनस्तरमा व्यापक रूपमा जनचेतना अभिवृद्धि गर्नु पनि आवश्यक छ", वातावणविद् डा दासले भन्नुभयो, "स्थानीयस्तरमा वायु प्रदूषण सम्बन्धी जनचेतना अभिवृद्धि गरी प्रदूषण न्यूनीकरणका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुन्छ । स्थानीय तहको क्षमता अभिवृद्धि गराई वातावणीय स्वच्छताका कार्यक्रमलाई प्राथमिकतामा राख्न आवश्यक छ।"

उहाँले तीनै तहका सरकारलाई वायुप्रदूषण न्यूनीकरणसम्बन्धी नीति प्रभावकारी कार्यन्वयनका लागि दबाब दिन युवाको भूमिका महत्वपूर्ण रहने भन्दै यसमा युवाले अग्रसरता लिनुपर्नेमा जोड दिनुभयो।

वातावरण अभियन्ता भोला भट्टराईले पछिल्लो समय बढ्लो सहरीकरण तथा औद्योगीकरणका कारण वायु प्रदूषण पनि बढ्दै गएको भन्दै यसको नियन्त्रण गर्न नसके मानवीय स्वास्थ्यमा गम्भीर असर पुग्ने बताउनुभयो ।रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०५/०७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : श्री लालीगुराँस इङ्गलिस वोर्डीङ्ग स्कुल धनुसा प्रा.लि.**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. १२६४९९/०७१/०७२, दर्ता मिति : २०७१/०५/२६, पान नं. ६०२४१५९७२, दर्ता मिति : २०७१/०९/२८<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा वडा नं. ८, **प्रोप्राइटर :** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : राजिव कुमार यादव**<br>ना.प्र.नं. १७१०८५/३२१, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६७/०६/।१९<br>बाबुको नाम : राम बहादुर यादव<br>बाजेको नाम : रघुनाथ यादव<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६ | **२. नाम : जानकि कुमारी देवी**<br>ना.प्र.नं. ८८२१२१७३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४४/११/०४,धनुसा<br>पतिको नाम : राम बहादुर यादव<br>ससुराको नाम : रघुनाथ यादव<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६ |
| | **३. नाम : रामविर यादव**<br>ना.प्र.नं. ८८२१२१७२, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४४/११/०४<br>बाबुको नाम : रघुनाथ यादव<br>बाजेको नाम : लखन यादव<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६ | **४. नाम : राम बहादुर यादव**<br>ना.प्र.नं. ८८२१२०८० जि.प्र.का. धनुषा<br>जारी मिति : २०४२/०९/२३<br>बाबु : रघुनाथ यादव<br>बाजेको नाम : लखन यादव<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६ |
| | **५. नाम : संजय कुमार यादव**<br>ना.प्र.नं. ८८२१३०१५, जि.प्र.का. धनुषा, जारी मिति : २०५५/०४/१७<br>बाबुको नाम : विश्वनाथ यादव, बाजेको नाम :मुखि यादव<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६, हाल : धनुषा जिल्ला, लक्ष्मिनिया वडा नं. ३ | |
| | **धितोको विवरण** | |
| | १. राम बहादुर यादवको नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ४७६ को क्षेत्रफल ०-७-० विगाहा र धनुषा जिल्ला, अजगेवा हरीनमरी वडा नं. ८ स्थित कित्ता नं. १२९ को क्षेत्रफल ०-२-२ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. जानकी कुमारी देवीको नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ३३६ र ३८९ को क्षेत्रफल क्रमशः ०-०-१९ र ०-०-९ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>३. रामविर यादवको नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-१ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>४. धनी ज्योति विकास बैंक भई ऋणी श्री लालीगुराँस इङ्गलिस वोर्डीङ्ग स्कुल धनुसा प्रा.लि. को नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता श्रेष्ता कायम रहेको बा २० च ९२२७, TOYOTA ETIOS CROSS V 1.5L को च्यासिस नं. MBSM29BTX02058377-0618, इन्जिन नं. 2NRD161862 रहेको NGK12R-AHMUKX सवारी साधन १ थान । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

जनकपुर टुडे



## अमेरिकी राष्ट्रपतीय निर्वाचन :

# वाल्जद्वारा पार्टीमा औपचारिकरूपमा उम्मेदवारी दर्ता

पार्टीका तर्फबाट उपराष्ट्रपतिको उम्मेदवारका रूपमा मनोनित वाल्जले पार्टीको अधिवेशनमा उम्मेदवारी दर्ता गर्दै औपचारिक रूपमा उम्मेदवारीको प्रक्रियालाई अगाडि बढाउन सहमति जनाउनुभएको हो ।

एएफपी

सिकागो । डेमोक्र्याटिक पार्टीका तर्फबाट उपराष्ट्रपति पदका उम्मेदवारका लागि टिम वाल्जले आफ्नो उम्मेदवारीलाई औपचारिक रूपमा स्वीकार गर्नुभएको छ ।

पार्टीका तर्फबाट उपराष्ट्रपतिको उम्मेदवारका रूपमा मनोनित वाल्जले पार्टीको अधिवेशनमा उम्मेदवारी दर्ता गर्दै औपचारिक रूपमा उम्मेदवारीको प्रक्रियालाई अगाडि बढाउन सहमति जनाउनुभएको हो ।

वाल्जले शिकागोमा डेमोक्र्याटिक पार्टीको राष्ट्रिय सम्मेलनमा भन्नुभयो, "संयुक्त राज्य अमेरिकाको उपराष्ट्रपतिका लागि तपाईंको मनोनयन स्वीकार गर्न पाउनु मेरो जीवनको सम्मान हो । हामी यो देशलाई माया गर्छौं । त्यसैले त हामी सबै आज यति राति यहाँ एउटा सुन्दर र सरल कारणको लागि भेला भएका छौं ।"



उपराष्ट्रपति पदका लागि तुलनात्मक रूपमा चर्चा नपाएका मिनेसोटाका गभर्नरले डोनाल्ड ट्रम्पविरुद्ध ह्यारिसको बढ्दो अभियानमा शिकागोको युनाइटेड सेन्टरमा गरिएको उहाँको सम्बोधनले चामत्कारिक मध्यपश्चिमी माहोल ल्याएको छ ।

बिहीबार ह्यारिसको राष्ट्रपतिको उम्मेदवारीले औपचारिकता पाउने भब्य समारोहभन्दा पहिले मञ्च लिँदै, पूर्व शिक्षक तथा राष्ट्रिय सैन्य सुरक्षाअधिकारी वाल्जले एक भाषणमा आफ्नो जीवन कथालाई रेखाङ्कन गरेको र अमेरिकीहरूको स्वतन्त्रताको रक्षा र भविष्यको निर्माणमा ध्यान केन्द्रित गर्न सफल भएको छ ।

डेमोक्र्याटिक पार्टीको अधिवेशन सम्बोधनको १२ औं सदस्य बन्नुभएका भीडलाई खुसी तुल्याएका पूर्वराष्ट्रपति बिल क्लिन्टनले ह्यारिसले वाल्जलाई आफ्नो 'रनिङ मेट' को रूपमा चयन गरेर चर्चाको चुलीमा ल्याएको बताउनु भएको थियो ।

क्लिन्टनले भन्नुभयो, "निर्वाचनमा होमिएका दुई जना नेतासँग सबै अमेरिकीका अझै पनि असम्भव जीवनकथाहरू छन् । यो यहाँ मात्र हुन सक्छ ।"

"यदि तपाईंले यो टोलीलाई मतदान गरी निर्वाचित गराए उहाँहरूले निर्वाचनमा मात्र सफलता पाउने नभई यसबाट तपाईंलाई आफ्नो बाँकी जीवनको लागि गर्व गर्ने अवसर मिल्नेछ ।"

राष्ट्रपति जो बाइडेनले जुलाई २१ मा पुनः निर्वाचनको उम्मेदवारी फिर्ता लिने निर्णय गरेपछि राष्ट्रपतिको उम्मेदवारीमा अघि सारिएका डेमोक्र्याटिक नेता ह्यारिसको अधिवेशनको अन्त्यमा हुने बिहीबारको भाषणका बिषयवस्तुको छनोट र व्यवस्थापन पनि गर्नुहुनेछ ।

मङ्गलबार डेमोक्र्याटिक सुपरस्टार तथा पूर्वराष्ट्रपति बाराक ओबामा र मिसेलले बाइडेनको भावनात्मक भाषणपछि बोल्दै राष्ट्रपति बाइडेनले आफ्ना उपराष्ट्रपतिलाई दिशानिर्देश गर्ने 'टर्च' हस्तान्तरण गरेको बताउनुभएको थियो ।

# नेपाल समूह विजेता बन्दै सेमिफाइनलमा



काठमाण्डु । बंगलादेशलाई हराउँदै नेपाल समूह विजेताको रुपमा साफ यू२० च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेको छ । नेपालले २-१ को जित दर्ता गरेको हो ।

एन्फा कम्प्लेक्समा सम्पन्न पहिलो हाफमै नेपालले २-१ को अग्रता लिएको थियो । २ मिनेटको अन्तरमा नेपालका लागि समिर तामाङ र निराजन धामीले गोल गरेका हुन् । हाफको अन्त्यतिर बंगलादेशले पेनाल्टीमा गोल गर्दै खेलमा फर्कने संकेत दियो ।

खेलको १७ औं मिनेटमा नेपालले अग्रता लियो । बंगलादेशका गोलरक्षक मेहेदी हसन स्रबनले आफ्नो हाफको मध्य भागमा समिर तामाङको दबाबमा बल फुस्काए । समिरले त्यसपछि बल अघि बढाउँदै खाली पोस्टमा गोल गरे ।

त्यसको दुई मिनेटपछि नै नेपालले अग्रता दोब्बर पार्यो । अभिनाश स्याङतानले दायाँ विगंबाट दिएको क्रसलाई निराजन धामीले पहिलो टचमै गोल गरे ।

४३ औं मिनेटमा बंगलादेशका लागि मिराजुल इस्लामले पेनाल्टीमा गोल गरे । राम थापाले पेनाल्टी क्षेत्रभित्र मिराजुललाई लडाएपछि रेफ्रीले पेनाल्टी दिएका थिए ।

दोस्रो हाफमा दुवै टोलीले पाएको अवसर सदुपयोग गर्न सकेनन् । बंगलादेशले तुलनात्मक रुपमा बढी अवसर सिर्जना गरेपनि गोल गर्न सकेन । इन्ज्युरी समयको अन्तिम मिनेटमा गोलरक्षक जियारत शेखले फ्रिकिकमा आएको हेडरमा सानदार बचाउ गर्दै नेपालको जित पक्का गरे ।

यससँगै नेपालको २ खेलमा ६ अंक भएको छ । बंगलादेश ३ अंकका साथ उपविजेता बन्दा श्रीलंका अंकविहिन रहँदै बाहिरियो ।

समूह बी मा भारत र भुटानको समान ३-३ अंक छ । भारतले शुक्रबार समूहको अन्तिम खेलमा माल्दिभ्सको सामना गर्नेछ ।

# आन्ध्र प्रदेशस्थित रिएक्टर विस्फोटमा परी मृत्यु हुनेको सङ्ख्या १७ पुग्यो

एएफपी

अनाकपल्ली । आन्ध्र प्रदेशको अनाकपल्लीको अच्यतापुरमूस्थित विशेष आर्थिक क्षेत्र (सेज) मा रहेको एक औषधि कम्पनीमा भएको विस्फोटमा परी मृत्यु हुनेको सङ्ख्या बिहीबार १७ पुगेको छ ।

यसअघि बुधबार दिइएको जानकारीमा कम्तीमा तीन जनाको मृत्यु भएको र १७ जना



घाइते भएको बताउनुभएको थियो ।

अनाकपल्लीका जिल्ला प्रशासक विजय कृष्णनले मृत्यु सङ्ख्या १७ पुगेको पुष्टि गर्नुभएको छ ।

आन्ध्र प्रदेशका मुख्यमन्त्री एन चन्द्रबाबु नायडुले घटनाको उच्चस्तरीय छानबिन गर्न निर्देशन दिनुभएको छ ।

घटनाप्रति दुःख व्यक्त गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले धेरै व्यक्तिको हताहत भएको उक्त दुर्घटनाले आफूलाई मर्माहत बनाएको बताउनुभएको छ । प्रधानमन्त्री कार्यालयले मृतकका परिवारलाई दुई लाख भारतीय रुपैयाँ दिने घोषणा गरेको छ ।

प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "अनाकपल्लीको एक कारखानामा भएको दुर्घटनामा परी भएको धेरै व्यक्तिको हताहतले दुःखी बनाएको छ । आफ्ना प्रियजनहरूलाई गुमाएकाहरूप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना !"

विज्ञप्तिमा आगाडि भनिएको छ, "प्रत्येक मृतकका परिवारलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट दुई लाख भारतीय रूपैयाँ राशिको राहत प्रदान गरिनेछ । घाइतेलाई ५० हजार रूपैयाँ दिइने छ ।"

# मानवअधिकार उल्लङ्घनको समीक्षा गर्न संयुक्त राष्ट्रसङ्घको टोली बङ्गलादेशमा

एएफपी

ढाका । शेख हसिनाको १५ वर्षे शासन अन्त्य गर्ने विद्यार्थी नेतृत्वको प्रदर्शनका क्रममा भएका कथित मानवअधिकार उल्लङ्घनको अध्ययन गर्न संयुक्त राष्ट्रसङ्घको एक टोली बिहीबार बङ्गलादेश पुगेको छ ।

एक महिनाभन्दा बढी चलेको विद्यार्थी आन्दोलनमा व्यापक जन सहभागिता देखिएपछि गत अगष्ट ५ मा पूर्व प्रधानमन्त्री हसिना हेलिकप्टरबाट भागेर छिमेकी मुलुक भारतको राजधानी नयाँ दिल्ली जानुभएको थियो । उहाँको राजिनाको जानकारी बङ्गलादेशका सेना प्रमुखले दिँदै देशले छिट्टै अन्तरिम सरकार गठन गर्ने बताउनुभएको थियो ।

आन्दोलनका क्रममा ४५० जनाभन्दा बढीको मृत्यु भएको थियो भने अधिकांशले प्रहरीको गोली लागि वा बल प्रयोगका कारण ज्यान गुमाएका थिए ।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयले गत साता एक प्रारम्भिक प्रतिवेदनमा प्रदर्शनका क्रममा सुरक्षा बलले अनावश्यक र असमान बल प्रयोग गरेको भन्ने बलियो सङ्केत रहेको र थप स्वतन्त्र अनुसन्धानको खाँचो



रहेको बताएको थियो ।

"कथित उल्लङ्घनमा गैरन्यायिक हत्या, स्वेच्छाचारी गिरफ्तारी र हिरासत, बलपूर्वक बेपत्ता पार्ने, यातना र दुर्व्यवहारका घटनासमेत समावेश छन्," विज्ञप्तिमा भनिएको छ ।

मानव अधिकार कार्यालयले बिहीबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "अब बङ्गलादेशमा उच्च स्तरीय समूहले 'मानव अधिकार उल्लङ्घनको अनुसन्धानको खाका' तयार गर्नेछ ।"

संयुक्त राष्ट्रसङ्घको ढाकास्थित कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "छलफलका आधारमा आगामी हप्ताहरूमा अनुसन्धानका लागि छुट्टै तथ्य पत्ता लगाउने टोली परिचालन गर्न सकिन्छ ।"

बङ्गलादेशका अन्तरिम नेता मोहम्मद युनुसले संयुक्त राष्ट्रसङ्घका अनुसन्धानकर्तालाई आवश्यक पर्ने सबै सहयोग आफ्नो प्रशासनले गर्ने बताउनुभएको छ ।

पूर्वप्रधानमन्त्री हसिनाको सरकारमाथि व्यापक दुर्व्यवहार गरेको आरोप लागेको थियो, जसमा राजनीतिक विरोधीहरूको सामूहिक हिरासत र गैरन्यायिक हत्या पनि समावेश थियो ।

हसिनाले गठन गरेको बङ्गलादेशी युद्ध अपराध न्यायाधिकरणले हालैको अशान्तिलाई लिएर आफ्ना संस्थापकमाथि तीनपटक 'सामूहिक हत्या' को अनुसन्धान सुरु गरेको छ ।

यी तीनवटै मुद्दा निजी व्यक्तिले ल्याएका हुन् र हसिनाका केही पूर्व उच्च सहयोगीहरूको पनि नाम लिइएको छ ।

# युक्रेनले कुर्स्क आणविक संयन्त्रमा आक्रमण गर्न खोजेको छ- पुटिन

एएफपी

मस्को । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बिहीबार युक्रेनमाथि रुसी सीमा क्षेत्रमा लडाइँबाट करिब ५० किलोमिटर टाढा कुर्स्क आणविक संयन्त्रमा आक्रमण गर्न खोजेको आरोप लगाउनुभएको छ ।

उहाँले आफ्नो दाबीका लागि कुनै प्रमाण दिनुभएन वा कथित आक्रमणबारे थप विवरण दिनुभएन ।

टेलिभिजनमा प्रसारित सरकारी बैठकमा उहाँले भन्नुभयो, "दुश्मनले राति आणविक ऊर्जा संयन्त्रमा आक्रमण गर्ने प्रयास गरेको थियो, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) लाई सूचित गरिएको छ ।"

युक्रेनले अगस्ट ६ मा कुर्स्क क्षेत्रमा ठूलो सीमापार आक्रमण सुरु गरेपछि ध्यान केन्द्रीत भएको रुसी मिडियामा संयन्त्रमा आक्रमणको प्रयासबारे कुनै पनि पछिल्ला रिपोर्ट थिएनन् ।

आइएइए प्रमुख राफेल ग्रोसीले अर्को साता कुर्स्क आणविक संयन्त्रको भ्रमण गर्ने योजना बनाउनुभएको एजेन्सीका प्रवक्ताले बिहीबार बताएका छन् ।

किएभ र मस्कोले साढे दुई वर्षको द्वन्द्वका क्रममा आणविक सुरक्षालाई खतरामा पारेको आरोप लगाएका छन् ।

रुसी सैनिकहरूले आफ्नो पूर्णस्तरको सैन्य



आक्रमणको प्रारम्भिक दिनहरूमा उत्तरी युक्रेनमा परित्यक्त चेर्नोबिनल विद्युत् संयन्त्र र युरोपको सबैभन्दा ठूलो जापोरिजिया आणविक ऊर्जा संयन्त्र कब्जामा लिएको थियो ।

रुसले अहिले पनि जापोरिजिया साइटलाई नियन्त्रण गर्दछ र युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले 'आणविक ब्ल्याकमेल' को आरोप लगाउनुभएको छ ।

बदलामा युक्रेनी सेनाले धेरै पटक ड्रोन आक्रमणमार्फत आणविक ऊर्जा संयन्त्रमाथि आक्रमण गर्न खोजेको मस्कोले दाबी गरेको छ ।

युक्रेनले कुर्स्क क्षेत्रमा आफ्नो सशस्त्र घुसपैठ गरेपछि आइएइएले रुस र युक्रेन दुवैसँग 'गम्भीर रेडियोलोजिकल परिणामको सम्भावना भएका आणविक दुर्घटनाबाट बच्न' 'अधिकतम संयमता' अपनाउन आग्रह गरेको छ ।

# चीनका लागि जासुसी गरेको अभियोगमा चिनियाँ मुलका अमेरिकी ताङविरूद्ध मुद्दा दर्ता

एएफपी

वासिङ्टन । सन् १९८९ मा चीनको प्रजातान्त्रिक आन्दोलनमा भाग लिएका न्यूयोर्कका एक व्यक्तिलाई संयुक्त राज्य अमेरिकामा चिनियाँ सरकारको अवैध एजेन्टको रूपमा काम गरेको आरोपमा बुधबार अभियोग लगाइएको अमेरिकी न्याय मन्त्रालयले जनाएको छ ।



करिब २० वर्षअघि पौडी खेलेर ताइवान नियन्त्रित टापुमा पुगेका ६७ वर्षीय ताङ युआनजुनलाई पछि अमेरिकाले राजनीतिक शरण दिएको थियो ।

उहाँलाई बुधबार पक्राउ गरिएको थियो भने छिट्टै जिल्ला न्यायाधीशसमक्ष उपस्थित गराइने बताइएको छ ।

उहाँविरूद्ध सन् २०१८ देखि सन् २०२३ सम्म संयुक्त राज्य अमेरिकामा जनवादी गणतन्त्र चीनको एजेन्टको रूपमा काम गरेको अभियोग लगाइएको न्याय मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

ताङले 'जनगणतन्त्र चीनको प्रमुख नागरिक गुप्तचर निकाय, राष्ट्रिय सुरक्षा मन्त्रालय (एमएसएस) को निर्देशनमा काम गरेको देखिएको छ," अमेरिकी न्याय मन्त्रालयलले भनेको छ ।

ताङले एमएसएसका अधिकारीहरूलाई 'जनगणतन्त्र चीनले सम्भावित विरोधीका रूपमा हेरेका व्यक्ति र समूह' को बारेमा जानकारी प्रदान गर्नुभएको र यसमा 'अमेरकास्थित प्रमुख चिनियाँ प्रजातन्त्रवादी अभियन्ता र असन्तुष्टहरू' समावेश छन् ।

उहाँले आफ्नो एमएसएससँग कुराकानी गर्न प्रयोग गरिने इमेल अकाउन्टमा पहुँच नभएको दाबी गर्दै सङ्घीय अनुसन्धान विभागमा झूट बोलेको आरोप पनि लगाइएको छ ।

बिहीवार एएफपीले यस मामिलाबारे सोधेको प्रश्नमा बेइजिङको विदेश मन्त्रालयले 'उक्त विवरणबारे आफूलाई जानकारी नभएको' बताएको छ ।

चीनको उत्तरपूर्वी जिलिन प्रान्तका बासिन्दा ताङलाई सन् १९८९ मा बेइजिङको तियानआनमेन स्क्वायरमा भएको हिंसात्मक झडपमा भाग लिएको आरोपमा २० वर्षको जेल सजाय सुनाइएको थियो । आठ वर्ष जेल बसाइपछि उहाँ रिहा हुनुभएको थियो ।

सन् २००२ मा ताइपेइस्थित एक अधिकार समूहका अनुसार ताङ चीनमा प्रजातन्त्रको पक्षमा वकालत गर्न सक्रिय रहे र ताइवान भाग्नुअघि उनलाई अधिकारीहरूले बारम्बार हिरासतमा लिने, सोधपुछ गर्ने र उत्पीडन गर्ने गरेका थिए ।

# विश्वका ५५ देशका सरकारद्वारा आलोचकमाथि यात्रा प्रतिबन्ध प्रयोग : फ्रिडम हाउस

एएफपी


वासिङ्टन । विश्वका कम्तीमा पनि ५५ वटा सरकारले कथित राजनीतिक प्रतिद्वन्द्वीविरुद्ध दमनकारी रणनीतिका रूपमा यात्रा प्रतिबन्धको प्रयोग गरिरहेको बिहीबार सार्वजनिक एक प्रतिवेदनले देखाएको छ ।

फ्रिडम हाउसका अनुसार नागरिकता खारेज गर्ने, यात्रा प्रतिबन्ध लगाउने, राहदानी जफत गर्ने र कन्सुलर सेवाबाट बञ्चित गर्नेजस्ता उपायहरु अधिनायकवादी शासनहरूले खतराका रूपमा हेरिएका मानिसहरूको आवागमनको स्वतन्त्रतालाई कुण्ठित गर्न प्रयोग गरेका छन् ।

बेलारुस, भारत, निकारागुआ, रुवान्डा र साउदी अरबका ३१ जनाको अन्तर्वार्ताका आधारमा यो प्रतिवेदन तयार पारिएको फ्रिडम हाउसले जनाएको छ ।

प्रतिवेदनमा उल्लेख गरिएका सरकार हरूले राजनीतिक सक्रियता वा असहमतिको बदलालिन यी चार विधिमध्ये कम्तीमा एउटा विधि प्रयोग गर्ने गरेको अमेरिकी गैरनाफामूलक संस्थाले जनाएको छ ।

फ्रिडम हाउसका अन्तरिम अध्यक्ष निकोल बिबिन्स सेडाकाले भन्नुभयो, "अधिनायकवादीहरूले विरोधीहरूलाई वाक स्वतन्त्रताबाट रोक्न कुनै पनि



सम्भावित उपायको खोजी गरिरहेका छन् ।"

उहाँले अगाडि थप्नुभयो, "आन्दोलनका प्रतिबन्ध, राजनीतिक कारावास र अन्तरदेशीय दमनलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय समुदायको थप जागरुकता र ठोस प्रयासबिना असहमतिलाई दबाउन र मौलिक अधिकारको उल्लङ्घन गर्न यी रणनीतिहरूको प्रयोग बढ्नेछ ।"

सन् २०१८ को अक्टोबरमा इस्तानबुलस्थित साउदी वाणिज्य दूतावासमा टर्कीकी मङ्गेत्तरसँग विवाहका लागि आवश्यक कागजात लिन गएका साउदी पत्रकार जमाल खशोग्गीको हत्या भएको थियो ।

फ्रिडम हाउसले निकारागुआले सन् २०२३ मा २ जना राजनीतिक बन्दीलाई अमेरिका निर्वासित गरेको उल्लेख गरेको छ ।

निकारागुआमा समाचार वेबसाइट कन्फिडेन्सियलका संस्थापक कार्लोस फर्नान्डो चामोरोले भन्नुभयो, "निकारागुआमा मेरो वैध पहिचान छैन र मेरा बच्चाहरूको बुबा वा आमा छैन किनभने उनीहरूका बुबा र आमा अस्तित्वमा छैनन् ।"

"हाम्रो घर, जग्गा, सेवानिवृत्तिको रूकम (पेन्सन) सहित सबै सम्पत्ति जफत भएको छ," उहाँले भन्नुभयो ।

फ्रिडम हाउसका अनुसार गत जुन महिनामा हङकङका छ जना प्रजातन्त्र समर्थक कार्यकर्ताको राहदानी रद्द गरिएको थियो । विदेशमा रहेका इरिट्रियालीले कन्सुलर सेवा प्राप्त गर्न 'अफसोस् वा र पश्चाताप' फारममा हस्ताक्षर गर्न बाध्य भएका छन् ।

बहराइन, इजिप्ट, कुवेत र संयुक्त अरब इमिरेट्सका अधिकारीहरूले विगत एक दशकमा सयौं राजनीतिक विद्रोही, मानव अधिकारकर्मी, पत्रकार र अन्यको नागरिकता खोसेको प्रतिवेदनमा उल्लेख छ ।

लगभग ४० वटा सरकारहरूले देशभित्र वा बाहिर आवतजावतमा प्रतिबन्ध लगाएका छन्, र भारत र साउदी अरबलगायत धेरै राज्यहरूमा यसबारे कुनै आधिकारिक सूची छैन । पीडितहरूले विमानस्थलमा आइपुग्दा वा अफवाहको माध्यमबाट मात्र उनीहरूलाई लक्षित गरिएको थाहा पाउँछन् ।

प्रतिवेदनअनुसार ३८ देशका सरकारले राहदानीजस्ता महत्वपूर्ण कागजातमा पहुँचलाई नियन्त्रण गरेर आफ्ना नागरिकको आवागमनमा रोक लगाएका छन् भने तीमध्ये १२ वटा देशले राहदानी नवीकरण वा जन्म वा विवाहको प्रमाणपत्र जारी गर्नेजस्ता कन्सुलर सेवाबाट बञ्चित गरेका छन् ।

# पर्साका सरकारी कार्यालयको खर्च ५२ प्रतिशत

वीरगञ्ज । मधेश-प्रदेश सरकार मातहतका पर्साका सरकारी कार्यालयले गत आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेटको ५२ दशमलव ३४ प्रतिशत खर्च गरेका छन् ।

मधेश प्रदेश सरकारले गत आवमा प्रदेश सरकार मातहतका १६ वटा सरकारी कार्यालय र १४ वटा स्थानीय तहका लागि रु चार अर्ब ५१ करोड ४३ लाख ९५ हजार नौ सय ३८ विनियोजन गरेको थियो तर सरकारी कार्यालयले कुल विनियोजित बजेटमध्ये रु दुई अर्ब ३६ करोड २६ लाख २९ हजार तीन सय ७६ मात्र खर्च गरेका छन् ।

पर्साका सरकारी कार्यालयले गत आवमा विनियोजित बजेटको ६३ दशमलव ४३ प्रतिशत अर्थात रु ७६ करोड ९५ लाख ८२ हजार चार सय दुई चालु खर्च गरेका छन् ।

पर्साका सरकारी कार्यालयले गत आवमा विनियोजित पुँजीगत खर्चको ४८ दशमलव २६ प्रतिशत अर्थात एक रु अर्ब ५९ करोड ३० लाख ४६ हजार नौ सय ७४ खर्च गरेका छन् ।




प्रदेश लेखा इकाई कार्यालय वीरगञ्जका प्रदेश कोष नियन्त्रक श्यामउदय ठाकुरले गत आवमा प्रदेश मातहत पर्साका सरकारी कार्यालयले विनियोजित बजेटको ५२ दशमलव ३४ प्रतिशत मात्रै खर्च गरेको बताउनुभयो ।

“मधेश प्रदेश मातहतका सरकारी कार्यालयले समयमै बजेट खर्च नगर्ने कारण अपेक्षाकृत पुँजीगत खर्च नभएको हो,” उहाँले भन्नुभयो, “खर्च गर्दा पनि असार महिनामा मात्रै अत्यधिक खर्च गर्ने परिपाटीले समस्या ल्याएको हो । मलेपको फारम नम्बर अनुसारको खर्च नगर्ने प्रवृत्ति छ ।”

कोष नियन्त्रक ठाकुरले बजेट खर्च गर्न समयमै कार्यादेश र बोलपत्र आह्वान प्रक्रिया अघि नबढाउँदा समयमा खर्च नहुने समस्या देखिएको धारणा राख्नुभयो । पर्सामा मधेश प्रदेश मातहतका सरकारी कार्यालय १६ वटा र १४ स्थानीय तह छन् ।

मधेश प्रदेश सरकारले गत आवमा पर्सा जिल्ला मातहतका १४ स्थानीय तहलाई रु २४ करोड ७३ लाख पाँच हजार बजेट विनियोजन गरेको थियो । सबै स्थानीय तहले सो अवधिमा कूल विनियोजित बजेटको ७३ दशमलव ०४ प्रतिशत अर्थात रु १८ करोड ६ लाख २२ हजार दुई सय ५० खर्च गरेका छन् ।

प्रदेश लेखा इकाइ कार्यालय वीरगञ्जका अनुसार गत आवमा प्रदेश मातहतका सरकारी कार्यालयले रु एक अर्ब ६५ करोड ६४ लाख ८१ हजार छ सय ४३ राजस्व सङ्कलन गरेको छ ।

यो राजस्व रकममध्ये यातायात व्यवस्था कार्यालय वीरगञ्जको हिस्सा रु एक अर्ब ५२ करोड रहेको छ । बाँकी राजस्व अन्य कार्यालयको हो । रासस

# नेप्से परिसूचकमा सामान्य वृद्धि, १९ अर्बको कारोबार

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक विहीबार सामान्य अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक छ दशमलव शून्य एक अङ्कले उकालो लागेर दुई हजार नौ सय ७४ दशमलव ४६ मा पुगेको छ ।




कारोबार भएका कूल १३ उपसमूहमध्ये छ उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा सात उपसमूहको शेयर मूल्य भने बढेको छ । ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक तीन दशमलव ७५ अङ्कले उकालो लागेर पाँच सय ३३ दशमलव ८६ मा पुगेको छ । कूल चार करोड नौ लाख ५१ हजार सात सय २० कित्ता शेयर रु १९ अर्ब १६ करोड छ लाख ५२ हजार ८५ मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सेका अनुसार तारागाउँ रिजेन्सी होटल, नारायणी डेभलपमेन्ट बैंक, ज्योति विकास बैंक, कर्पोरेट डेभलपमेन्ट बैंक, सिन्धु विकास बैंक, सप्तकोशी डेभलपमेन्ट बैंक, श्री स्टार हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।रासस

# ‘डेडिकेटेड’ र ‘ट्रङ्क लाइन’को बक्यौता उठाइन्छः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल विद्युत् प्राधिकरणको ‘डेडिकेटेड’ र ‘ट्रङ्क लाइन’को बक्यौता एक रुपैयाँ नछाडेर उठाउने स्पष्ट गर्नुभएको छ ।

प्रतिनिधिसभाको विहीबारको बैठकमा सांसदको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री स्पष्ट गर्नुभयो । उहाँले यस विषयमा अहिले सामाजिक सञ्जाल र कतिपय मिडियामा आधारहीनप्रचार भइरहेको उल्लेख गर्दै विद्युत् प्राधिकरणले महसुल उठाउन खोजेको र सरकारले मिनाहा गरेको भन्दै झुठो प्रचार अर्थहीन भएको टिप्पणी गर्नुभयो ।



ओलीले भन्नुभयो, “बक्यौता उठाइन्छ, छोडिँदैन, तर उद्योग बन्द गरेर होइन सञ्चालन नै गरेर उठाइन्छ । विगतमा किन समयमै महसुल उठाइएन, किन लाइन काटियो र किन फेरि लाइन जोडियो भन्ने प्रश्न सम्बन्धित निकायसँग जोडिन्छ । यसमा सरकार स्पष्ट छ, लाइन बन्द नगरी बक्यौता उठाइनेछ ।”

उहाँले सरकार र प्राधिकरणबीच कुनै मतभेद नभएको पनि

प्रधानमन्त्री ओलीले भन्नुभयो, “उद्योग नै बन्द हुँदा बक्यौता उठ्ने आधार पनि बन्द हुन्छ, रोजगारी बन्द हुन्छ, उत्पादन पनि घट्छ, व्यापार घाटा बढ्छ ।

बक्यौता उठाउन पनि त उद्योग चलाउनै पर्छ । औद्योगिक ग्राहकसँग लिनुपर्ने खपत अनुसारको महसुल मिनाहा गरिएको भन्ने झुठो सूचनाको पछि नलाग्न म सबैलाई आग्रह गर्छु । खपतअनुसारको महसुल उठाएरै छोडिन्छ ।”रासस

# ऋण अनुदानमा परिणत गर्न चिनियाँ पक्षलाई आग्रह



काठमाण्डु । सरकारले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दा लिइएको ऋणलाई अनुदानमा परिणत गर्न चिनियाँ पक्षलाई आग्रह गरेको छ । अर्थ मन्त्रालयले ऋणलाई अनुदानमा परिणत गर्न आग्रह गर्दै चिनियाँ पक्षलाई पत्र लेखेको छ ।

अर्थ मन्त्रालयमा विहीबार आयोजित कार्यक्रममा अर्थ मन्त्रालय अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख धनीराम शर्माले सो पत्र चीन अन्तर ाष्ट्रिय विकास सहयोग निकायका उपाध्यक्ष याङ वेईकुनलाई हस्तान्तरण गर्नुभएको हो ।

पत्र हस्तान्तरण गर्नु अघि उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले चीन नेपालको असल छिमेकी भएको र नेपालको अर्थतन्त्रको अवस्थालाई विशेष ध्यान दिँदै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दा लिइएको ऋणलाई अनुदानमा बदल्न चिनियाँ पक्षलाई आग्रह गर्नु भएको थियो । उहाँले नेपाल सरकारले गरेको आग्रह चिनियाँ पक्षबाट पूरा हुने विश्वास व्यक्त गर्नभुयो ।

सो अवसरमा अर्थ सचिव डा रामप्रसाद घिमिरे, नेपालका लागि चीनका राजदूत चेन सोङलगायत उपस्थित हुनुहुन्थ्यो । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका लागि नेपाल सरकारले चीनको एक्जिम बैंकबाट करिब हालको विनिमय दरअनुसार करिब रु २५ अर्ब ८८ करोड ऋण लिने सम्झौता गरेको थियो ।

विसं २०७२ चैत ८ गते पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि ऋण सम्झौता भइ २०७३ साल पुस २७ गतेबाट निर्माण सुरु भएको थियो । विसं २०७९ पुस १७ गते पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन गरिएको थियो ।

कार्यक्रममा काठमाडौं चक्रपथको कलङ्कीदेखि बसुन्धरा महाराजगञ्जसम्मको आठ दशमलव दुई किलोमिटर सडक निर्माण, हिल्सा-सिमिकोट सडक खण्डलाई दुई लेनमा स्तरोन्नति, मुस्ताङको कोरला नाकामा आइसिपी र आइसिडी निर्माण र अरनिको राजमार्गको मर्मत सुधार तथा पहिरो नियन्त्रणसम्बन्धी कार्यको सम्भाव्यता अध्ययनसम्बन्धी चारवटा छुट्टाछुट्टै सहयोग आदान प्रदानसम्बन्धी पत्रमा हस्ताक्षर भयो ।

सरकारको तर्फबाट अर्थ सचिव डा घिमिरेले र चीनको तर्फबाट चीन अन्तर्राष्ट्रिय विकास सहयोग निकायका उपाध्यक्ष याङ वेइहुनले हस्ताक्षर गर्नुभयो । रासस

# सुनको मूल्य तोलामा ११ सयले घट्यो




काठमाण्डु । स्थानीय बजारमा पहेँलो धातुको मूल्य विहीबार तोलामा रु एक हजार एक सयले ओरालो लागेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाला सुन बुधबार प्रतितोला रु एक लाख ५३ हजारमा कारोबार भएकामा आजका लागि रु एक लाख ५१ हजार नौ सय निर्धारण भएको छ । बुधबार सुनको मूल्यमा हालसम्मकै उच्च कीर्तिमान कायम भएको थियो ।

यस्तै, चाँदीको मूल्य प्रतितोला रु पाँचले कम भई आज रु एक हजार आठ सय ३० मा कारोबार भएको छ ।रासस


## भुमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट गाबिस ब्रहम्पुरी वडा न. २ हाल राजदेवी नगरपालिका वडा न. ९ बस्ने देवर कुँवरको नाती विश्वनाथ कुँवरको छोरा हेमन्त कुमारले आफनो दाजु नाता पर्ने अशोक कुमार राजपुतको नाममा दर्ता कायम रहेको तपसिलको जग्गा नामसारी गरि पाउँ भनि राजदेवी नपा वडा न.९ को च.न.६९ मिति २०८१।०४।२३ गतेको सिफारिस साथ निवेदन माग गरेकोमा मृतक अशोक कुमार राजपुत अविवाहित अवस्थामै आफनै कालगतिले मुत्यु भइसकेकोले अब उप्रान्त मृतकको हकखाने एक मात्र भाई हेमन्त कुमार रहेकोमा निजको नाममा नामसारी हुन सो को हकदाबीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए ,असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए सप्रमाण सहित आफु वा रित पूर्वकको वारेश मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम एकलौटी नामसारी भै जाने छ ।

तपसिल

| जिल्ला | गाबिस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | ब्रहम्पुरी | २ | २३० | ०-०-३-१२ | अशोक कुमार राजपुत |
| रौतहट | ब्रहम्पुरी | २ | ४०१ | ०-०-१-४ | अशोक कुमार राजपुत<br>हेमन्त कुमार |



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग
भू-वातावरण तथा सामाजिक शाखा
बबरमहल, काठमाडौँ

### प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना

पुन प्रकाशित मितिः २०८१/०५/७

नेपाल सरकार, सडक विभाग, बबरमहल, काठमाडौँद्वारा मधेश प्रदेश सिराहा जिल्ला- कर्जन्हा नगरपालिका र कोशी प्रदेश -उदयपुर जिल्ला - कटारी नगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावको व्यहोरा | प्रस्तावकको नाम र ठेगाना |
|---|---|
| बस्तीपुर चोक सिराहा (पूर्व-पश्चिम राजमार्ग)- बि.पी. क्यानसर हस्पिटल - बेलसोत - कटारी (१५ कि.मि.) उदयपुर सडक खण्डको स्तरोन्नती<br>प्रभाव पर्ने जिल्ला/ न.पा.-<br>सिराहा जिल्ला- कर्जन्हा न.पा. वडा नं ४ र वडा नं ११<br>उदयपुर जिल्ला- कटारी न.पा. वडा नं १ | सडक विभाग<br>भू-वातावरण तथा सामाजिक शाखा<br>बबरमहल, काठमाडौँ<br>फोन नं .+९७७-१-५४-२९०७५<br>ईमेल- gesunit@dor.gov.np |

माथि उल्लिखित प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षणको मस्यौदा प्रतिवेदन तयार गरिएको र वातावरण संरक्षण नियमावली,२०७७ परिच्छेद-२ को नियम (६) बमोजिम सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप निम्न लिखित मिति,समय तथा स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम राखिएको व्यहोरा अनुरोध गर्दै सबै इच्छुक महानुभावहरुलाई उक्त सार्वजनिक सुनुवाईको कार्यक्रममा उपस्थित भई आफ्नो राय-सुझाव लिखित तथा मौखिक रुपमा दिनुहुनका लागि सबैमा हार्दिक अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**

मितिः २०८१/०५/०८, शनिवार
समयः बिहानको ८ बजे
स्थानः सिराहा जिल्ला, कर्जन्हा नगरपालिका वडा नं .४ बस्तीपुर खानेपानी प्रांगण

**राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगानाः**

| | |
|---|---|
| सडक विभाग<br>भू-वातावरण तथा सामाजिक शाखा<br>बबरमहल, काठमाडौँ<br>फोन नं. +९७७-१-५४-२९०७५<br>ईमेल- gesunit@dor.gov.np | अभियन्त्र कन्सल्टीङ्ग प्रा.लि.<br>शिशिरमार्ग -११, काठमाडौँ<br>फोन नंः ९८५११५०७६४/ ०१-५३४९४८०<br>ईमेलः abhiyantraconsulting2012@gmail.com |



## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८१/०५/०७ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले जनकपुर शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८०/११/१५ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री. धनुष पर्यटन सहकारी संस्था लि ।**
**रजिष्टर्ड ठेगाना : धनुषाधाम १ धनुषा । दर्ता नंः १५१३ /२०७०/७१**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : विनिता यादव (अध्यक्ष जमानीकर्ता)**
बाबु : शिव नारायण मरिक
पति : ध्रुव नारायण यादव
ससुरा : धनिकलाल यादव
ना प्र नं. : १७३०११/७२८
ठेगाना : हरिने ७, धनुषा

**२) नाम : अजिज नदाफ (उपाध्यक्ष जमानीकर्ता)**
बाबु :मुसलिम नदाफ
बाजे : सोमन नदाफ
ना.प्र.नं : १७९०५२२०७३
ठेगाना : सुगामधुकरही १, धनुषा

**३) नाम : राम चन्द्र यादब (सचिव जमानीकर्ता)**
बाबु : राम लखन भिनवार
बाजे : हिताई भिनवार
ना.प्र.नं : ३५००१९०२
ठेगाना : हट्टिपुर हडवाडा ९, धनुषा

**४) नाम : अंजुला कुमारी (कोषाध्यक्ष जमानीकर्ता)**
पति : अजय कुमार साह
ससुरा : राम बृक्ष साह
बाबु : बलदेव साह
ना.प्र.नं : ८९७९१८८१
ठेगाना : पचहर्वा ४, धनुषा

**५) नाम : युगेश्वर यादब (संचालक जमानीकर्ता)**
बाबु : रामप्रसाद गोईत यादव
बाजे : आनन्द गोईत यादव
ना.प्र.नं :१७१६२४४३९९
ठेगाना : बिसरभोरा ८, धनुषा

**६) नाम : देव सरण रान यादव (संचालक जमानिकर्ता)**
बाबु : राम चन्द्र रान यादव
बाजे : सुरतिया रान यादव
ना.प्र.नं : ३६२८२५५९
ठेगाना : हरिने ७, धनुषा

**७) नाम : विजय पण्डित कुमहार (संचालक जमानीकर्ता)**
बाबु : उमेश पण्डित कुम्हार
बाजे : रामसुनर पण्डित
ना.प्र.नं :१७३०६१/४९
ठेगाना : प्र.को.महुवा ५, धनुषा

**८) नाम : दिपु कुमार यादव (व्यवस्थापक जमानीकर्ता)**
बाबु : युगेश्वर यादव
बाजे : राम प्रसाद गोइत यादव
ना.प्र.नं :१७-०२-७३-०१०१६
ठेगाना : बिसरभोरा ८, धनुषा

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री धनिकलाल यादव को बुहारी श्री ध्रुव नारायण यादवको श्रीमती धनुषा जिल्ला हरीने गा.वि.स. वडा नं. ७ बस्ने श्री विनिता यादवको नाममा मालपोत कार्यालय जनकपुरधाम धनुषा मा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १ सिट नं १३५६२४ को कित्ता नं १५,३०१ र ३०३ को क्षेत्रफल क्रमश ०-०-३-२, ०-०-६-१.२५ र ०-०-१३-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री हितो पंडित को बुहारी श्री भविक्षण पंडित कुम्हारको श्रीमती धनुषा जिल्ला नुनुपटि गा.वि.स. वडा नं. १ बस्ने श्री उर्मिला देवीको नाममा मालपोत कार्यालय जनकपुरधाम धनुषा मा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला पचहर्वा गा.वि.स. वडा नं. ५ को कित्ता नं ९२२ को क्षेत्रफल ०-३-२-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. श्री राम सेवक मण्डलको बुहारी श्री महादेव मण्डलको श्रीमती धनुषा जिल्ला बहुअर्वा गा.वि.स. वडा नं. ४ बस्ने श्री बेचनि देवी मण्डलको नाममा मालपोत कार्यालय जनकपुरधाम धनुषा मा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला हट्टिपुर हडवाडा गा.वि.स. वडा नं. ४ को कित्ता नं ८२९,८३१,५७ को क्षेत्रफल क्रमशः ०-२-०-०, ०-२-०-०, ०-२-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
४. श्री राम बृक्ष साहको बुहारी श्री अजय कुमार साहको श्रीमती धनुषा जिल्ला पचहर्वा गा.वि.स. वडा नं. ४ बस्ने श्री अंजुला कुमारीको नाममा मालपोत कार्यालय जनकपुरधाम धनुषा मा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न पा वडा नं. २ सिट नं १३९६०४ को कित्ता नं ३४५ को क्षेत्रफल ०-०-४-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
५. श्री राम शरण मण्डल को बुहारी श्री चौधरी मंडल को छोरी श्री राम सागर मंडलको श्रीमती धनुषा जिल्ला गिद्धा गा.वि.स. वडा नं. १ बस्ने श्री बनारसी कुमारी देवीको नाममा मालपोत कार्यालय जनकपुरधाम धनुषा मा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला गिद्धा गा.वि.स. वडा नं. १ ग को कित्ता नं ३७१ को क्षेत्रफल ०-१-०-० र धनुषा जिल्ला गिदा गा.वि.स. वडा नं. १ ख को कित्ता नं ३५९को क्षेत्रफल ०-९-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
६. श्री जलधारी गोहिवार यादवको नाति श्री उदगारी गोहिवार यादवको छोरा धनुषा जिल्ला गोठ कोयलपुर गा.वि.स. वडा नं. २ बस्ने श्री नविन कुमार गोहिवारको नाममा मालपोत कार्यालय जनकपुरधाम धनुषा मा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला गोठ कोयलपुर गा.वि.स. वडा नं. १ ख को कित्ता नं २७३ को क्षेत्रफल ०-८-०-० र धनुषा जिल्ला गोठकोयलपुर गा.वि.स. वडा नं. २ को कित्ता नं ३२६ र २७४ को क्षेत्रफल क्रमस ०-३-१०-० र ०-४-४-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६०००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै जनकपुर शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमो बैंकको शाखा कार्यालय जनकपुरमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश यर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेका धितोहरुको आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

# अनसनलाई समर्थन बढ्दै




टुडे समाचारदाता

जनकपुरधाम । कमला नदीमा अर्को नयाँ पुल निर्माणको माग गर्दै सामूहिक आमरण अनसनमा बसेका अनसनकारीको आन्दोलनलाई समर्थन बढ्दै गएको छ । विगत चारदिन देखि जारी रहेको सामूहिक आमरण अनसनमाथि राजनीतिक दलहरुले चासो देखाउन थालेका छन् ।

धनुषा-सिरहा जोड्ने हुलाकी सडक अन्तर्गतको कमला पुल निर्माणका लागि भइरहेको आन्दोलनको समर्थनमा सत्तारुढ दलदेखि विपक्षी दलसम्मले गरेको छ ।

नेकपा एकीकृत समाजवादीका नेता रामचन्द्र झाले सामाजिक सञ्जाल फेसबुकमा सामूहिक अनसनलाई आफ्नो भौतिक तथा नैतिक समर्थन रहेको जनाउँदै अनसनप्रति ऐक्यवद्धता जनाएका छन् । त्यस्तै नेकपा एमाले मधेश प्रदेशका संसदीय दल उपनेता दीपेन्द्र ठाकुरले समेत अनसनस्थलमै पुगेर समर्थन जनाएका छन् ।

त्यस्तै नेकपा माओवादी केन्द्र मधेश प्रदेश सह-इन्चार्ज विश्वनाथ साहले पनि एक विज्ञप्ति जारी गर्दै पुल निर्माणको माग प्रति सकारात्मक रहेको भन्दै आन्दोलनप्रति ऐक्यवद्धता जनाएँदै समर्थन गरेका छन् ।

> मुख्यमन्त्री सतीशकुमार सिंहले पुल मर्मतका लागि सरकार गम्भीर रहेको बताउँदै आवश्यक पहल गरिरहेको बताउँदै आएका छन् ।

सामूहिक आमरण अनसन स्थल पुगेका उपनेता ठाकुरले पुल निर्माणका लागि भइरहेको आन्दोलनमा आफ्नो समर्थन रहेको बताए । मधेशको 'लाइफ लाइन' ठानिएको पुल मर्मतमा ढिलाइ भइरहेको प्रति आपत्ति रहेको बताए । उनले पुल निर्माणका लागि तत्काल चासो देखाउनुपर्ने सरकारसंग माग गरे ।

धनुषा-सिरहा जोड्ने कमला पुल सञ्चालन नहुँदै तीन वर्षअघि भासिएकोथियो।निर्माणव्यवसायीले पुल मर्मत गर्ने जिम्मेवारी लिए पनि हालसम्म निर्माण हुनसकेको छैन ।

मुख्यमन्त्री सतीशकुमार सिंहले पुल मर्मतका लागि सरकार गम्भीर रहेको बताउँदै आवश्यक पहल गरिरहेको बताउँदै आएका छन् ।

उनले कमला पुल मर्मतका लागि आफूले प्रधानमन्त्रीका साथै संघीय सरकारको भौतिक पूर्वाधार मन्त्रालयसँग समन्वय गरिरहेको बताए ।

आमरण अनशनमा बसेका केहीको स्वास्थ्य अवस्था बिग्रिदैं गएको छ । उद्घाटन हुन एक सातामात्र बाँकी छँदा तीन वर्षअघि २४ करोड ४२ लाख रूपैयाँको लागतमा निर्माण भएको पुल भासिएको थियो । हुलाकी राजमार्ग आयोजना जनकपुरका प्रमुख कृष्णकुमार महतोले पुल मर्मतको काम सुरु भए पनि गति लिन नसकेको बताए ।

# पारिश्रमिक नपाउँदा वडाको सेवा ठप्प, मेयर सिंह भ्रमणमा

**महानगरपालिकाको लेखा प्रमुखलाई परिवर्तन नगरेसम्म खाता संचालनमा नल्याउनु मेयर राजेशमान सिंह र प्रमुख प्रशासकीय अधिकृत मातृका भ राई बीचको विवाद उत्कर्षमा पुगेको छ ।**

अनिल तिवारी

वीरगञ्ज । रोम जलि रहँदा त्यहाँ राजा निरो बासुरी बजाइरहेको घटना वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले चरितार्थ गरेका छन् । मधेश प्रदेशको एक मात्र महानगरपालिकाको रुपमा रहेको वीरगञ्ज महानगरपालिका भ्रष्ट्राचार र अनिमिततामा दिन प्रतिदिन डुब्दै गएको छ । ट्रैक्टर खरिद, विद्यालयमा पंखा वितरणलगायत विभिन्न अनियमिततासहितको काण्ड उजागर भइरहेको बेला मेयर सिंहको गोप्यरुपमा सिंगापुर भ्रमण रहेको चर्चा चुलिएको छ ।

महानगरपालिकाको लेखा प्रमुखलाई परिवर्तन नगरेसम्म खाता संचालनमा नल्याउनु मेयर राजेशमान सिंह र प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई बीचको विवाद उत्कर्षमा पुगेको छ ।

यतादरबन्दीमिलानकोबहानामागरिएको शिक्षकहरुको सरुवा र उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकबीचको आर्थिक अनिमितताकाका घटनाहरु पनि चुलिँदै गएका छन् ।

टाइप श्री डाइवेटिजमा ग्रसित मेयर सिंह चिकित्सक एकाएक सिंगापुर प्रस्थान गरेपछि महानगरपालिकाको अतिआवश्यक कामलगायतका सम्पूर्ण कारोबार बन्द भएपछि दुई दिनदेखि महानगरको कामकारबाही लथालिंग छ ।

मेयर सिंहको स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएपछि उपचारको लागि मंगलबार सिंगापुर उडेको अड्कलबाजी वडाअध्यक्षहरुबीच हुने गरेको छ ।

महानगपालिकाको खाता नै बन्द रहेको बेला मेयर एकाएक भ्रमणमा रहनु आफैमा सोचनीय कुरा भएको वीरगञ्ज महानगरपालिका वडा नम्बर १७ का वडा अध्यक्ष सन्जु छतकुलिले प्रतिक्रिया दिए ।

यता नागरिक किर्ते काण्ड, माइस्थान मन्दिरको सौन्दर्यकरणमा भएको भ्रष्टाचारमा अख्तियारले गरिरहेको अनुसन्धान, शिक्षकहरुको आन्दोलनलगायतको समस्या खेप्न नसकेर मेयर एकाएक सिंगापुर कुलेलाम ठोकेको केही वडा अध्यक्षहरु बताउँछन् । वीरगञ्ज महानगरपालिकाका मेयर सिंहको सिंगापुर भ्रमणलाई लिएर विभिन्न संचारमाध्यममा आएका समाचारप्रति उनको सचिवालयले आपत्ति जनाएको छ ।



प्रमुख सिंहको व्यक्तिगत भ्रमणमा जानु भएकाले यो भ्रमणको पालिकासंग कुनै सरोकार नरहेको पनि विज्ञप्तिद्वारा सचिवालयले स्पष्ट पारेको छ ।

अर्कोतर्फ वडाहरुको खाता संचालनमा भइरहेको समस्यालाई छल्न र तनावबाट केही दिनको लागि भए पनि मुक्त हुन आफ्ना चिकित्सक साथीको सल्लाह अनुसार उनीसँगै सिंगापुर उडेको बताइएको छ ।

यता महानगपालिकाले कम्प्युटर अपरेटरको पारिश्रमिक समयमा नदिएको कारण वडा नं. १५को सबै अतिआवश्यकिय सेवाहरु ठप्प भएको छ ।

वडा कार्यालयमा कार्यरत कम्प्युटर अपरेटरको पारिश्रमिक विगत केही महिनादेखि उपलब्ध नगराइएको कारण सेवाहरु प्रभावित भएको जनाएको छ । कार्यवाहक वडा अध्यक्ष दीपेन्द्र कुमार सोनारले सूचना जारी गरी वडाको सबै काम ठप्प भएको जानकारी दिएका छन् ।

वीरगञ्ज महानगरपालिकाले समयमा पारिश्रमिक उपलब्ध नगराउँदा, अनलाइन रसिद काट्नेलगायत कम्प्युटर टाइप सम्बन्धी काम ठप्प भएको कार्यवाहक वडा अध्यक्ष सोनारले जनाएका छन् ।

कार्यलयको सेवा अवरुद्ध हुन गएपछि यसबाट सर्वसाधारणले पर्न गएको असुविधाका लागि क्षमा याचना गर्दै, अर्को वैकल्पिक व्यवस्था नभएसम्म वडा समिति कार्यालय बन्द रहने जानकारी दिइएको छ ।

कार्यवाहक वडा अध्यक्ष सोनारलेले जारी गरेको सूचनामा भनिएको छ, यस असुविधाका सम्बन्धमा गुनासो छ भने मेयर राजेशमान सिंह वा प्रमुख प्रशासकीय अधिकृत मात्रिका भट्टराई समक्ष सम्पर्क गर्न अनुरोध गरिन्छ ।

कर्मचारीले तलब नपाए पनि मेयर सिह सिंगापुरमा घुमिरहेको गएको

रिल समाजिक संजालमा जारी गरेपछि व्यापक स्थानिय नगरवासीबाट तथानाम गर्न थालिएको छ ।

# बजार अनुगमनका क्रममा व्यवसायीलाई कारबाही

टुडे समाचारदाता

राजविराज । संयुक्त बजार अनुगमन टोलीले राजविराज बजारका विभिन्न पसलमा अनुगमन गरी कारबाही गरेको छ ।

खाद्य, चिसो पेय, श्रृगांर समाग्री, किराना लगातयका एक दर्जन भन्दा बढी पसलमा अनुगमन गरी तीन व्यवसायीलाई कारबाही गरिएको जनाइएको छ ।

कृष्णाष्टमी, दशैं तिहारलगायतका चाडपर्व नजिकिएसंगै बजारमा म्याद गुज्रेका, अखाद्य वस्तु बिक्री हुने गरेको तथा उपभोग्य सामग्रीको मनपरी मूल्यवृद्धि गरी बिक्रि वितरण गरिरहेको गुनासो आएपछि संयुक्त बजार अनुमन टोली अनुगमनका लागि खटिएको टोलीका प्रमुख एवं संयोजक सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र यादवले जानकारी दिए ।



सो अनुगमन टोलीमा घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधि वीरेन्द्र साह, उद्योग वाणिज्य संघका प्रतिनिधि कमल प्रसाद साह, राष्ट्रिय उपभोक्ता मञ्च मधेश प्रदेशका उपाध्यक्ष राजकुमार गुप्ता, खाद्य निरीक्षक राजीन बुढाथोकी, प्रहरी निरीक्षक सन्तोष रसाइली, राजविराज भन्सार कार्यालयका अधिकृत सत्यनारायण सिंह, करदाता सेवा कार्यालयका प्रतिनिधि डिल्ली रमण भण्डारी, खाद्य तथा गुण नियन्त्रण डिभिजन कार्यालयका प्रमुख विक्रम लिम्बुलगायत सहभागी छन् ।

सो अनुगमनका क्रममा पसलमा रहेको सर-समानको भन्सार काटेको रसिद तथा आवश्यक बिलबिजक देखाउन नसकेको वालइमरान जेनरल स्टोर्सलाई अनुगमन टोली १० हजार रुपैयाँ जरिवाना गरेको छ ।

त्यस्तै म्याद गुज्रेको समान फेला परेको आयुष किराना पसललाई ५ हजार रुपैयाँ जरिवाना गरिएको टोलीका प्रमुख सहायक प्रमुख जिल्ला अधिकारी यादवले बताए ।

त्यस्तै म्याद गुज्रेका किरब एक हजार मुल्य बराबरको चिसो पेय पर्दाथ गुणानन्द किराना पसलबाट जफत गरी नष्ट गरिएको छ ।

सो अनुगमनका क्रममा अधिकांश पसलमा मूल्य एकरुपता नभएको, लेवल नभएको, क्रेतालाई विलविजक नदिएको लगायतका समस्या देखिएको राष्ट्रिय उपभोक्ता मञ्च मधेश प्रदेशका उपाध्यक्ष गुप्ताले बताए ।

प्रशासन, प्रहरी, जनप्रतिनिधि, उद्योग वाणिज्य संघ, उपभोक्ता मञ्च, कर तथा भन्सार कार्यालयका प्रतिनिधि र संचारकर्मीको उपस्थितिमा भएको अनुगमनबाट पसल दर्ता नगरी गैर कानुनीरुपमा संचालन गरिएका पसल, नवीकरण नगराएका पसललगायतका पसलका संचालकहरुलाई कानुनी व्यवस्था अनुसार प्रक्रियामा आउन सचेतसमेत गराइएको टोलीले जनाएको छ ।

सो अनुगमन टोली आएको सुँइको पाएपछि कतिपय व्यापारी पसल बन्द गरेर हिडेका थिए । सो टोलीले अनुगमन कार्यलाई निरन्तरता दिने जनाएको छ ।

# उखु किसानलाई तत्काल अनुदान रकम वितरण माग



टुडे समाचारदाता

मलंगवा । उखु किसानलाई तत्काल अनुदान रकम वितरण गर्न कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीसँग माग गरेका छन् ।

उखु क्रसिङ सिजन ०८०/०८१ मा चिनी उद्योगलाई उखु बिक्री गरेको पाँच महिना बितिसक्दासमेत किसानले अनुदान रकम पाउन सकेका छैनन् । उखु खेती धेरै हुने सर्लाही र रौतहटबाट बुधबार कृषि मन्त्रालय पुगेका नेपाली कांग्रेसका नेताको टोलीले उखु किसानका लागि तत्काल जिल्लामा अनुदान रकम निकासाको व्यवस्था मिलाइदिन माग गरेको छ । उखुको अनुदानका लागि यथाशीघ्र कदम चालिदिन आग्रह गर्दै मन्त्री अधिकारीलाई ज्ञापनपत्र बुझाइएको मन्त्रालय पुगेका जिल्ला समन्वय समिति सर्लाहीका सभापति कौशलकिशोर सिंहले जानकारी दिए । उनले मन्त्री अधिकारीसँग उखु किसानलाई राहत पुग्ने गरी अनुदानबाहेक अन्य कार्यक्रम ल्याइदिन आग्रहसमेत गरे ।


सो ज्ञापनपत्र बुझ्दै मन्त्री अधिकारीले उखु किसानको अनुदान रकम जतिसक्दो चाँडो निकासाका लागि पहल भइरहेको बताए । किसानले ल्याएर बिक्री गरेको उखु पेलेर चिनी उद्योग माघ/फागुनमै बन्द भए पनि किसानले पाउने अनुदान रकमबारे भने भदौ लागिसक्दासम्म पनि अन्योलता छ ।

किसान दसैंतिहार अघि नै अनुदान रकम आउने र त्यही रकमले चाडपर्व मनाउने आसमा बसेका छन् ।

नेपाल उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनि मैनालीले उखुको अनुदान रकम चाडबाडअघि नै किसानको खातामा आइसक्ने व्यवस्था मिलाउन लागिपरिरहेको बताए ।

सरकारले गत वर्ष उखुको मूल्य प्रतिक्विन्टल ६३५ रुपैयाँ निर्धारण गर्दा चिनी उद्योगले ५६५ रुपैयाँ र सरकारले अनुदानबापत ७० रुपैयाँ उपलब्ध गराउने जनाएको छ ।

# ढुंगा, गिट्टी र बालुवा चोरी निकासी बढ्यो



टुडे समाचारदाता

लहान । सिरहामा ढुंगा, गिट्टी र बालुवा निकासीमा रोक लगाए पनि चोरी निकासी तीव्र रुपमा बढेको छ ।

नदीजन्य पदार्थको दोहन जारी रहँदा सरोकारवाला निकाय भने मौन रहेको छ । स्थानीय प्रशासनकै मिलेमतोमा स्थानीय गागन खोलाबाट रातको समयमा ढुंगा, गिट्टी र बालुवा निकासी हुने गरेको सिराहा-गोलबजार-३ स्थित टुड्डि कयाका दीपक महतोले बताए ।

कमला नदी, घुर्मि खोला, गागन खोला, मैनाबत्ती खोलालगायतकाबाट ढुंगा, गिट्टी, बालुवा चोरी निकासी हुने गरेको छ । त्यस्तै घुर्मिखोलाबाट पनि गोलबजार नगरपालिका-१० र मिर्चैया नगरपालिकाको रमपुराको बाटो हुँदै अवैध रूपमा ढुंगा, गिट्टी, बालुवा चोरी निकासी हुने गरेको स्थानीयहरू बताउँछन् । स्थानीयका अनुसार कम्तीमा दैनिक १५ वटासम्म ट्र्याक्टरले नदीजन्य सामग्री चोरी निकासी हुने गरेको छ ।

तर इलाका प्रहरी कार्यालय गोलबजारले आफ्नो क्षेत्रबाट त्यस्तो कुनै अवैध काम भएको आफूहरूलाई जानकारी भएको बताए । सिरहा प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक मुक्तिनाथ सापकोटाले आफूहरूलाई यसबारे कुनै किसिमको जानकारी नभएको जिकिर गरे ।

# अनुमती बिना कार्यक्रम नगर्न आग्रह

टुडे समाचारदाता

रौतहट । रौतहट प्रहरीले चाडपर्वको नाममा अश्लीलता झल्किने भोजपुरी गीतमा नाँचगान गर्न रोक लगाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटले सूचना जारी गरेको छ । जिल्लामा विभिन्न धार्मिक तथा मनोरजनको नाममा जिल्लाका अधिकांश ठाउँमा असलिल गितमा नाच तथा केटीहरूको समुहको नाममा नाचगानलगायतका कार्यक्रमहरु भइरहेको छ ।

आउन लागेको श्री कृष्ण जन्माष्ठमीको नाममा जिल्लाका अधिकांश हाटबजारमा लाग्न लागेका मेलामा यस्ता कार्यले नाच हेर्न आएका दर्शक र स्थानीय बिच आफ्नो फरमायस गित बजाउनको लागि झै-झगडा हुने भएकाले बिचमा प्रहरी तथा दर्शक बीच मुठभेट हुदाँ विभिन्न



समस्या उत्पादन हुदाँ बिशाल घटना हुन नदिनको लागि जिल्ला प्रहरी कार्यालयले सार्वजनिक सूचना जारी गरेको छ ।

अनुमति बिना कुनै किसिमको कार्यक्रम आफ्नो गाउँठाउँमा आयोजकले मनोमानी ढंगले गराउँदा अप्रिय घटना हुने सक्ने भएकाले सोको जिम्मेवार 'सिमेतआयोजकलेलिनुपर्नेस्थनीय प्रशासनले भनेको छ ।

जारी गरिएको सूचनामा भनिएको छ, ' अनुमति बिना चाडपर्वको नाममा गाउँ-गाउँमा दिन र रातको समयमा अश्लीलता झल्किने किसिमका भोजपुरीको गीत गाउने, लवण्डा नचाउँने, अर्केष्ट्र नचाउँने, मनोरञ्जनका नाममा जुवा तास खेलाउने लगायतका गतिविधि गरेको पाइएमा सोको जिम्मेवार आयोजक पक्ष नै जिम्मेवार हुने व्यहोरा सबैको जानकारीका लागि अनुरोध गरिएको छ ।'

## जयमाला मृत्यु प्रकरणः
# सवारी दुर्घट्नका आरोपी साह जेल चलान

टुडे समाचारदाता

राजविराज । झण्डै तीन महिनाअघि सप्तरीको कञ्चनरूप नगरपालिकामा एक महिलाको सवारी दुर्घटनामा मृत्यु भएको प्रकरणमा पक्राउ परेका पप्पु भनिने सञ्जीव प्रसाद साहलाई पुर्पक्षका लागि बिहीवार राजविराज कारागार पठाएको छ ।

कञ्चनरुप नगरपालिका वडा नम्बर ८ की ५७ वर्षीया जयमाला गुप्ताको गत ९ जेठमा सवारीका ठक्करले मृत्यु भएको थियो । ठक्करले गम्भीर घाइते भएकी उनको विराटनगरमा उपचारका क्रममा ज्यान गएको थियो । यद्यपी ठक्कर दिने मोटरसाइकलको पहिचान भने हुन सकेको थिएन । प्रहरीको लामो अनुसन्धानपछि कञ्चनरूप नगरपालिका वडा नम्बर ८ का साह पक्राउ परेका थिए । साहलाई प्रहरीले अदालतमा पेश गर्दा न्यायाधीश सञ्जीव पोखरेलको इजलासले साहलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ ।

९ जेठको राति साढे ८ बजेतर्फ महायज्ञ स्थलबाट पूजा गरेर आउने क्रममा तत्काल नम्बर खुल्न नसकेको मोटरसाइकलले कञ्चनपुर-फतेपुर सडक खण्डमा ठक्कर दिदाँ उनी गम्भीर घाइते भएकी थिइन् ।

ठक्करबाट 'सिभियर ब्रेन इन्जुरी' भइ अस्पताल भर्ना गरिएकी जयमालाको उपचारका क्रममा गत १५ जेठमा विराटनगरमा मृत्यु भएको थियो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८